**स्तनपानः बालबालिकालाई वरदान**
- आमाको दूधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौती दूधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारीरिक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मदत गर्छ ।
- बजारमा पाइने प्याकेट दूध वा फर्मुला आमाको दूधजस्तो पोषिलो हुँदैन ।

**त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० असार ३० गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 July 15 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१५

## भानुजयन्तीको अवसरमा विभिन्न कार्यक्रम

प्रस, वीरगंज, २९ असार/

वीरगंज-१६ नयाँ बसपार्कस्थित भानुचोकमा रहेको आदिकवि भानुभक्त आचार्यको सालिक अनावरण गरिएको छ।



वीरगंजको भानुचोकमा सालिक अनावरण कार्यक्रममा सहभागीहरू । तस्वीरः प्रतीक

२१०औं भानु जयन्तीको अवसरमा शुक्रवार नारायणी वाङ्मय प्रतिष्ठानका अध्यक्ष डा विशम्भर शर्मा र साहित्यकार भवानी क्षत्रीले संयुक्तरूपमा सालिकको अनावरण गरेका थिए ।

वीरगंज महानगरपालिकाले पुनर्निर्माण गरेको भानुभक्त आचार्यको सालिक अनावरण गरिएको थियो । कार्यक्रममा नगरप्रमुख राजेशमान सिंहलगायतको सहभागिता थियो ।

त्यसै अवसरमा नारायणी वाङ्मय प्रतिष्ठान र लक्ष्मी साहित्य समाजले संयुक्तरूपमा आयोजना गरेको प्रभातफेरी, कविता वाचन र पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको थियो । वीरगंजको बसपार्कस्थित भानुचोकबाट निकालिएको प्रभातफेरी नगरका विभिन्न भागको परिक्रमा गर्दै होटल मकालुमा पुगी सम्पन्न भएको थियो। कार्यक्रममा विभिन्न विद्यालयका विद्यार्थीहरूले आदिकवि भानुभक्त आचार्यको जीवनीसँग सम्बन्धित कविता वाचन गरेका थिए ।



ज्ञानदा एकेडेमीले आयोजना गरेको कार्यक्रममा सहभागीहरू । तस्वीरः सौजन्य

यसैगरी, ज्ञानदा एकेडेमीले २१०औं भानु जयन्ती धूमधामका साथ मनाएको छ।

एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्रप्रसाद कोइरालाले भानुभक्तबाट प्रेरणा लिएर जीवनलाई सार्थक बनाउन विद्यार्थीलाई आग्रह गरे । उनले नेपाली जातीय एकता, राष्ट्रिय पहिचान र नेपाली सांस्कृतिक चेतना जगाउन र राष्ट्रिय संस्कृतिलाई बलियो बनाउनमा भानुभक्तको ऐतिहासिक योगदान रहेको बताए । उनले आदिकवि भानुभक्तले नेपालको भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरणमा महत्त्वपूर्ण भूमिका खेलेको बताए । उनले कवितावाचन गरेर भानुभक्तको योगदानको स्मरण गरेका थिए। कार्यक्रममा शिक्षकशिक्षिकाहरूको सहयोगमा छात्रछात्राहरूले छोटो नाटक र कविता वाचन प्रस्तुत गरेका थिए ।




मलङ्गवामा आयोजित कार्यक्रममा सहभागीहरू ।

यसैगरी, २१०औं भानु जयन्तीको अवसरमा सर्लाहीको मलङ्गवामा खुला बहुभाषिक कविता प्रतियोगिता सम्पन्न भएको छ ।

नेपाल मिथिला प्रज्ञा प्रतिष्ठान मलङ्गवा, सर्लाहीको संयोजन तथा मलङ्गवा


(बाँकी अन्तिम पातामा)

## नारायणी अस्पतालको फार्मेसीमा ठगीधन्दा शुरू

## बजारभन्दा महँगोमा औषधि बिक्री गरेको आरोप

प्रस, वीरगंज, २९ असार/

नारायणी अस्पतालमा रहेको औषधि बिक्रीको लागि खोलिएको अस्पतालको फार्मेसीबाट नै बिरामीहरू ठगिन थालेका छन् ।




अस्पतालको फार्मेसीको बिल, साझा स्वास्थ्य सेवा र निजी मेडिकल हलको बिलमा एउटै औषधिको फरक मूल्य ।

अस्पतालको फार्मेसीमा आइआरएल ५०० एमएलको मूल्य प्रतिबोतल रु ६३ पर्छ भने साझा स्वास्थ्य सेवा पसलमा रु ६१ पर्ने गरेको छ। त्यस्तै, सोही औषधि निजी औषधिपसल विवेक मेडिकल हलमा रु ५३ पर्ने गरेको छ ।

निजी पसलमा केनुलाको मूल्य रु २० पर्छ भने साझाको पसलमा रु ३३ तथा नारायणीको फार्मेसीमा रु ४५ मा बिक्री भइरहेको बिरामीहरूले बताएका छन् ।

यस प्रकार सबै औषधिमा मूल्य बढाएर अस्पतालको फार्मेसीले बिरामीहरूलाई ठगिरहेको छ । अस्पतालको विकास र बिरामीहरूलाई थप आर्थिक भार नपरोस् भनेर खोलिएको अस्पतालको फार्मेसीले ठगीधन्दा शुरू गर्दा पनि सरोकारवाला निकाय मौन देखिएका छन्। ठगीबाट उठेको रकममा चिकित्सक र कर्मचारीहरूले भागबन्डा पाउने गरेको स्रोतले जनाएको छ ।

स्रोत अनुसार फार्मेसीमा काम गर्ने कर्मचारीहरूले बाहिरबाट लाखौं रुपियाँका औषधि आफैंले किनेर ल्याउने, प्रणालीमा प्रविष्ट नगर्ने, बिल पनि नदिने तर औषधि बिक्रीको रकम आफ्नो गोजीमा राख्ने गरेका छन् ।

हतारमा आएका बिरामीका कुरुवाले पैसा दिई औषधि लैजान्छन् तर कर्मचारीले बिल पनि दिंदैनन् ।

फार्मेसीका कर्मचारीहरूले दैनिक हजारौं रुपियाँ अवैध तरीकाले कमाइरहेको स्रोतको भनाइ छ ।

यस विषयमा नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साहले भने फार्मेसीमा औषधिको मूल्य फरक नरहेको बताए ।

फार्मेसीबाट स्वास्थ्य बीमा गराएका व्यक्तिलाई औषधि दिंदा नेपाल सरकारले बनाएको मापदण्ड तथा मूल्यसूची अनुसार औषधि बिक्री हुने गरेको दाबी गरे । उनले औषधिको मूल्य फरक भएको खण्डमा समस्या समाधानतर्फ लाग्ने बताए ।

अस्पतालको फार्मेसीले स्वास्थ्य बीमा गराएका व्यक्तिलाई बिक्री गर्ने औषधिमा ठगिरहेको समाचार छ ।

स्वास्थ्य बीमा गराएका व्यक्तिहरूले चिकित्सकको सल्लाह अनुसार औषधि खरीद गर्न फार्मेसीमा जाँदा बजार मूल्यभन्दा दोबरमा फार्मेसीले बिक्री गरेको पाइएको छ। अस्पताल हाताभित्र रहेको फार्मेसी, साझा औषधिपसल र अस्पतालबाहिर रहेका निजी औषधिपसलमा एउटै औषधिको मूल्य फरकफरक भेटिएका छन् ।

केही वर्षअघि निजी औषधिपसलेले सर्वसाधारणलाई ठगेको गुनासोको आधारमा नेपाल सरकारले साझा औषधिपसल खोल्न लगाएको थियो । त्यसपछि देशभरिका अस्पताललाई फार्मेसी सञ्चालन गर्न अधिकार दिएको थियो । बिरामीहरू पनि ढुक्क भएर अस्पतालकै फार्मेसीबाट औषधि किन्ने गरेका छन् तर सुपथ मूल्यमा गुणस्तरीय

## केराबालीको बीमा नगरेपछि किसानद्वारा आन्दोलन गर्ने उद्घोष

प्रस, निजगढ, २९ असार/

नेपाल सरकारको प्राथमिकतामा परेको बाली बीमा कार्यक्रम अन्तर्गत निजगढका किसानहरूले व्यावसायिकरूपमा रैथाने मालभोग केराबाली उत्पादन गर्दै आइरहे पनि बीमा गर्न आलटाल गर्दै आइरहेको भन्दै यहाँका केरा किसानहरूले बीमा कम्पनीविरुद्ध आन्दोलन गर्ने उद्घोष गरेका छन् ।

शुक्रवार निजगढमा पत्रकार सम्मेलन गर्दै बारा केरा तथा फलफूल उत्पादक सङ्घका अध्यक्ष एकबहादुर श्रेष्ठले विगतदेखि पटकपटक हिमालयन-एभरेस्ट इन्स्योरेन्स कम्पनीले निजगढका दुई हजारभन्दा बढी व्यावसायिक केराखेती गर्दै आइरहेका किसानहरूलाई आलटाल गरी बालीको बीमा गर्न निरुत्साहित बनाउँदै आइरहेका आरोप लगाएका छन् ।

बीमा कम्पनीले आफू चोखिनलाई निजगढका व्यावसायिक केराखेती गर्ने दुई हजारभन्दा बढी किसानहरूमध्ये सात/आठ जना किसानको मात्र बीमा गरेर अन्य किसानहरूलाई निरुत्साहित बनाउने खेलमा लागेको पीडित केरा किसानहरूको बीमा कम्पनीविरुद्ध आरोप छ ।

तोकिएको समयभित्र बालीको बीमा गर्नुपर्ने भएपनि आँधी, हुरी, असिना, पानी आउने समय गुजारेर निकै ढिलो गरी विगतका वर्षदेखि नै बीमा कम्पनीले किसानहरूको केराबालीको बीमा नगरेको



तस्वीरः प्रतीक

पत्रकार सम्मेलनमा अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

निजगढका केरा उत्पादक किसानहरूको बाली बीमा एक साताभित्र शुरू नगरिए बीमा कम्पनीविरुद्ध कडा आन्दोलनको तयारी गरिने श्रेष्ठले जानकारी दिए ।

शुरूका वर्षहरूमा प्रतिकट्ठा ६० बोटबापत रु १० हजार, रैथाने मालभोग केराको बाली बीमा रु १३ हजार २०० मा गरे पनि त्यसलाई घटाएर आठ हजारमा झारेपछि केरा किसानहरू केराबाली बीमा गर्न निरुत्साहित भएका थिए ।

बीमा रकम बढाउनुपर्ने माग राख्दै सम्बन्धित निकायहरूमा किसानहरूले आवाज उठाएपछि मोरङ केराबालीका हकमा प्रतिकट्ठा रु १७ हजार ५००, खुट्टीको हकमा १४ हजार ५०० तोकेपछि किसानहरू केरा बाली बीमा गर्न हौंसिए । तर बाली क्षति भएपनि समयमैं क्षतिपूर्ति दिन बीमा कम्पनीले ढिलाइ गर्दै आइरहेका पीडित किसानहरूको व्यापक गुनासा छन् ।

केही महीनाअघि बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलको सहभागितामा पाँच दिनअघि निजगढमा गरिएको कृषि बीमा सचेतना अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो ।

पछिल्लोपटक प्रतिकट्ठा ८२ बोट केरा उत्पादन गर्नुपर्ने, जसको बीमा प्रतिकट्ठा २२ हजार ५५० रुपियाँ तय

(बाँकी अन्तिम पातामा)

## भद्रगोल महुवन माविमा तालाबन्दी

प्रस, वीरगंज, २९ असार/

सखुवाप्रसौनी गाउँपालिकास्थित महुवन माविमा शुक्रवार अभिभावक र विद्यार्थीले तालाबन्दी गरेका छन् ।

विगत एक वर्षदेखि प्रधानाध्यापकको सरुवाको विषयलाई लिएर भद्रगोल रहेको सो विद्यालयमा पठनपाठनलगायत सबै सेवा अस्तव्यस्त भएको र समस्या समाधान गर्न कसैले पहल नगरेपछि अभिभावक र विद्यार्थीले आज तालाबन्दी गरेका हुन् ।

हाल सो विद्यालयमा तीनजना प्रधानाध्यापक छन् । तीनैजना प्रअको छुट्टाछुट्टै हाजिरी रजिस्टर र कार्यालयमा पनि नियमित नआउने साथै कक्षा पनि नलिने गरेका बताइन्छ। तीनजना प्रअले शिक्षक र विद्यार्थीलाई दिनभरि निर्देशन मात्र दिने गरेका छन् ।

विद्यालयको समस्या समाधान गर्नेतर्फ ध्यान नदिई तीनजना प्रअ एकापसमा आरोप-प्रत्यारोप गरेर दिन बिताउने गरेको अभिभावकहरूको आरोप छ ।



महुवन माविमा तालाबन्दी गरिंदै । तस्वीरः सौजन्य

विद्यालयको अवस्था भद्रगोल भएपछि सो विद्यालयका ५० प्रतिशत विद्यार्थी यस शैक्षिकसत्रदेखि अन्य विद्यालयमा भर्ना भएका शिक्षकहरूको भनाइ छ ।

प्रअ सरुवाको विषयका कारण विद्यालयमा चार महीनादेखि दिवाखाजा वितरण नभएको तथा विशेष शिक्षा पनि सञ्चालन भएको छैन ।

यावत् समस्या समाधान नभएसम्म आज गरिएको तालाबन्दी नखोलिने अभिभावकहरूले बताएका छन् ।

### विचारसार र सूक्तिहरू

**त्यस कामलाई कहिल्यै नछोड्नुस्, जसको बारेमा तपाईं दिनरात सोच्नुहुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# फूटपाथमा व्यापार

**कुनै पनि शहर कति विकसित र सभ्य छ भन्ने कुरा त्यहाँको भौतिक पूर्वाधार साथै सोको उपयोगको अवस्थाले देखाउँछ । यसमा पनि सबैभन्दा महत्त्वपूर्ण आधार सडक हो। विकसित शहरहरूमा व्यवस्थित सडकहरू हुन्छन् । जहाँ पैदलयात्री, साइकलयात्री, अपाङ्गमैत्री, वातावरणमैत्री साथै ट्राफिक नियमको पूर्ण पालना भइरहेका हुन्छन् । शहरको विकसित स्तर सडकबाट अनुमान गर्न सकिन्छ। हाम्रो मुलुकमा शहरलाई नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका गरी तीन तहमा वर्गीकरण गरिएका छन्। नगरपालिकाभन्दा उपमहानगर र उपमहानगरभन्दा महानगरका सडक व्यवस्थित, स्तरीय र अनुशासित हुनुपर्छ भन्ने आम बुझाइ छ। महानगर क्षेत्रमा पनि दिक्कलाग्दो, अव्यवस्थित, लथालिङ्ग सडक देखिंदा "यस्तो पनि महानगर ?" भनेर जोसुकैले प्रश्न गरेको पाइन्छ। व्यवस्थित शहर, मेगा शहर, स्मार्ट शहरलगायतका अवधारणाहरू आएका छन् । हाम्रा सरकारहरूले बेलाबखत यस्ता शहरहरू निर्माणबारे स्टन्ट गर्छन् ।**

**जुनसुकै शहरको लागि आधारभूत पूर्वाधार भनेको सडक, विद्युत् र सञ्चार हो । त्यसैगरी, स्वास्थ्य सेवा, सुरक्षा, दैवी प्रकोपमा सहज उद्धार, उत्पादन र सहज बजार पहुँच, व्यावसायिक केन्द्र तथा सपिङ मल, हरित क्षेत्र, निश्चित खुला क्षेत्र, शिक्षा, यातायात शहरीकरणका आधारभूत पक्षहरू हुन । यी सबै पक्ष सडकसँग जोडिएका छन् । सकभर शहरका घरघरसम्म, नसके टोलटोलसम्म एम्बुलेन्स, दमकल र सुरक्षाका सवारी पुग्न सक्नुपर्छ । यसको निम्ति सडक अनिवार्य छ । त्यसैगरी लगानी, श्रम उत्पादन र बजार जोडिन पनि यातायात अनिवार्य छ, यातायातको निम्ति सडक चाहिन्छ । त्यो सडक अवरोधविनाको सुरक्षित र सहज हुनुपर्छ । अतः सडकमा शहरको सभ्यता, शिष्टता र अनुशासन झल्किनुपर्छ । मन्दिरमा आस्थाका साथ पूजा, पाठ, भजनकीर्तनले शोभा दिएजस्तै फूटबल मैदानमा अनुशासित खेल तथा खेलका अभ्यास जस्ता क्रियाकलापहरू शोभायमान लाग्छन्। बगैंचा, पार्कमा युगल जोडीहरू सुहाउँलान्, जलाशयमा माछा नै सुहाउँछ। हाम्रो सभ्यताले जुन चीज जे प्रयोजनको लागि बनाइएको हो, सोही कार्यका लागि मात्रै प्रयोग गर्न उचित मानेको छ। अन्यथा त्यो विकृति हो। त्यस्तो अवस्थालाई असभ्य, अनुशासनहीनता र अव्यवस्था भनिन्छ ।**

**शहरका फूटपाथमा व्यापार गर्नेहरू र नगरप्रहरीबीच झडप भएका घटनाहरू प्रकाशमा आउने गरेका छन्। यसमा काठमाडौं महानगरपालिका अग्रस्थानमा छ। भर्खरै बाराको कलैया उपमहानगरपालिकामा पनि फूटपाथका व्यापारी र नगरप्रहरीबीच झडप भयो । यसरी झडप हुँदा कतिपयले नगरप्रहरीको त कतिपयले सडक व्यापारीको पक्ष लिने गरेका छन्। "गरीब–दुःखीलाई गरेर खान दिनुपर्छ" भन्नेहरू जबरजस्त तर्क प्रस्तुत गर्छन्। 'गरिखान देऊ' भन्दै काठमाडौंमा आन्दोलन नै शुरू भएको छ। यसमा राजनीतिक दलहरूले आफूअनुकूल प्रतिक्रिया जनाउने गरेका छन्। मुख्य कुरा सडक व्यापार गर्नको लागि बनाइएको होइन । निर्बाधरूपमा व्यापार गर्न दिने हो भने हाम्रो मुलुकमा रहेका विपन्नजनलाई हाम्रो सडकले धान्न सक्दैन। सडकको निश्चित क्षेत्रमा साँझ–बिहान निश्चित समयको लागि सडक व्यापारको अनुमति दिनु फरक कुरा हो। सोबाहेक नगरपालिकाले सडक व्यापारीलाई मात्रै होइन । खरीदकर्तालाई पनि कारबाईको दायरामा ल्याउनुपर्छ। कानूनविपरीतका [redacted]टपाथको व्यापार आफैं हट्छ ।**

# सुधारले समस्याको स्थायी समाधान गर्दैन, टार्ने मात्रै हो

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**यतिबेलाको राजनीतिक अवस्था ठूला तीनवटा दल नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादीको राजनीतिक तथा सामाजिक भविष्य अन्धकारमय हुँदै गएको र स्वतन्त्र पार्टीको चुरीफुरी बढ्दै गएको हुनाले आफ्नो पुरानो साखलाई कायम राख्न यस प्रकारका कदम प्रचण्ड नेतृत्वको सरकारले चालेको बुद्धिजीवीहरूको विश्लेषण छ ।**

यतिबेला प्रचण्डको सरकार निकै चर्चामा रहेको छ । नकली भुटानी शरणार्थी प्रकरण तथा ललिता निवास बालुवाटार प्रकरण सम्बन्धित भ्रष्टाचारका फाइल एकपछि अर्को खोल्दै गएपछि दलाल पूँजीवादी राजनीतिको रङ्गमञ्चमा ९ रेक्टर स्केलको भूकम्प गएकोजस्तै भएको छ। ललिता निवास भ्रष्टाचार प्रकरण निकै पुरानो रहेकोले प्रायः सर्वसाधारणलाई यसको बारेमा त्यति थाहा नहुनु स्वाभाविक नै हो । बालुवाटारस्थित ललिता निवास परिसरको सरकारी जग्गा हिनामिना प्रकरणमा छजना पूर्वमन्त्री, दुईजना पूर्वमुख्य सचिव, १४ जना पूर्व र एकजना बहालवाला सचिवसहित सार्वजनिक पदधारण गरेका डेढ सयभन्दा बढी कर्मचारीको संलग्नता देखिएको छ । तीमध्ये केही कर्मचारी अझै पदमा छन्। जग्गा हिनामिना गर्नेगरी भएका निर्णयमा जोडिएका केही व्यक्तिको मृत्यु भइसकेको छ ।

के हो ललिता निवास बालुवाटार प्रकरण ? यसको बारेमा थोरै चर्चा गरौं ।

पञ्चायतकालमैं मुआवजा दिएर तत्कालीन भोगाधिकारी सुवर्णशमशेर राणाका परिवारबाट अधिग्रहण गरी सरकारका नाममा ल्याइएकामध्ये १४३ रोपनीभन्दा बढी जग्गा २०४९ देखि २०६९ को अवधिमा भूमाफियाले हडपेका थिए । अधिग्रहण गरेर गृह मन्त्रालय मातहतको समरजङ्ग कम्पनीको रेखदेखमा राखिएको जग्गा विभिन्न सरकारका पालामा भएका गैरकानूनी निर्णयका आधारमा शृङ्खलाबद्धरूपमा हडपिएको थियो। २०४९, २०६२, २०६६, २०६७ र २०६९ मा मन्त्रिपरिषद्सहित विभिन्न निकायबाट गरिएका निर्णयको अपव्याख्या गरेर राणापरिवार र भूमाफियाले जग्गा हत्याएका थिए। जग्गा हत्याउन सरकारी निकायबाट निर्णय गराएबापत २०४९ सालतिर भूमाफिया र नौजना कर्मचारीले करीब २२ रोपनी जग्गा घूस लिएका थिए । त्यसरी घूस लिनेमध्येका एक पूर्व निर्वाचन आयुक्त एवं पूर्वसहसचिव सुधीरकुमार शाह हाल पक्राउ परिसकेका छन्। केपीशर्मा ओली नेतृत्वको सरकारका पालामा २०७५ असारमा गठित शारदाप्रसाद त्रिताल नेतृत्वको छानबीन समितिको सिफारिशपछि अख्तियार र प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले जग्गा हिनामिनामा अनुसन्धान गरेका थिए । अख्तियारले २०७६ माघ २२ मा अपूरो र अधूरो अनुसन्धानका आधारमा ११० जनालाई बिगो, कैद र जरिवाना तथा ६५ जनालाई जग्गा फिर्ता प्रयोजनका लागि प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो । यो मुद्दा अझै पनि विचाराधीन नै छ। तर ब्युरोले भने किर्ते र सङ्गठित अपराधका दफा लगाएर अनुसन्धान जारी राखेको छ । पछिल्लो अनुसन्धानका क्रममा ललिता निवासको सरकारी जग्गा व्यक्तिको बनाउन सङ्गठित र योजनाबद्ध निर्णय प्रक्रियामा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराई, छजना पूर्वमन्त्री विजयकुमार गच्छदार, डम्बरबहादुर श्रेष्ठ, चन्द्रदेव जोशी, प्रभुनारायण चौधरी, सञ्जयकमुमार साह र दीनानाथ शर्मा, दुईजना पूर्वमुख्य सचिव माधव घिमिरे र लीलामणि पौडेलको संलग्नता खुलेको छ। पूर्वमुख्य सचिव घिमिरे गाडी दुर्घटना भई त्रिशूली नदीमा खसेर बेपत्ता छन् भने तत्कालीन भूमिसुधारमन्त्री चौधरीको मृत्यु भइसकेको छ ।

त्यस्तै, १४ जना पूर्वसचिव, एकजना बहालवाला सचिव, १७ जना सहसचिव, गुठी संस्थान प्रमुखसहितका पदाधिकारी एवं कर्मचारीको मिलेमतोमा जग्गा भूमाफियाको स्वामित्वमा पुगेको थियो। पूर्वसचिव माधव रेग्मी २०६९ ताका ललिता निवासको जग्गा टिकिन्छा गुठीमा लैजान मन्त्रिपरिषद्को सामाजिक समितिबाट निर्णय हुँदा आमन्त्रित सदस्य थिए । हाल उनी लोकसेवा आयोगका अध्यक्ष छन्। रेग्मीका भाइ कुमार रेग्मी पनि ललिता निवास जग्गा प्रकरणमा मुछिएका छन् । उनी हाल सर्वोच्च अदालतका न्यायाधीश छन् ।

भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङको परिवारबाट ललिता निवासकै ११ आना जग्गा हात पारेका रेग्मीले आठ आना अरूलाई नै बिक्री गरिसकेका छन् । करीब एक आना बाटोमा परेपछि बाँकी रहेको एक आना उनले सरकारका नाममा फिर्ता गरेका थिए । अख्तियारले मुद्दा चलाउनुअगावै एक आना सरकारलाई फिर्ता गरेपछि उनी मुद्दाबाट उम्किएका थिए । हाल सञ्चार मन्त्रालयको सचिव रहेका कृष्णबहादुर राउत २०६६/६७ ताका प्रधानमन्त्री निवास विस्तारका नाममा नक्कली मोही र भूमाफियालाई जग्गा सट्टाभर्ना दिनेगरी भएको निर्णयका बेला भौतिक योजना मन्त्रालयमा शाखा अधिकृत थिए। आन्तरिक प्रशासन शाखा प्रमुख छँदा उनले उठाएको टिप्पणी तहगतरूपमा सदर भई मन्त्रिपरिषद्बाट स्वीकृत गरिएको थियो ।

स्रोतबाट प्राप्त विवरण अनुसार जग्गा हिनामिना प्रकरणमा खिलराज रेग्मी नेतृत्वको चुनावी सरकारमा मन्त्री रहेका छविराज पन्त भूमिसुधार सचिव छँदा र अख्तियारका पूर्वप्रमुख आयुक्त दीप बस्न्यात भौतिक योजना सचिव छँदा २०६६/६७ ताका प्रधानमन्त्री निवास विस्तार र नक्कली मोहीलाई जग्गा सट्टाभर्ना दिने निर्णयमा सामेल भएका थिए। पूर्वप्रधानमन्त्री नेपाल, पूर्वउपप्रधान एवं भौतिक योजनामन्त्री गच्छदार, राज्यमन्त्री साह र भूमिसुधारमन्त्री श्रेष्ठ पनि सट्टाभर्नाको केसमा जोडिएका छन्।

टिकिन्छा गुठीमा जग्गा लैजाने प्रस्ताव र निर्णय गर्ने क्रममा २०६३/६४ ताका चौधरी र २०६९ मा जोशी मन्त्री थिए। चौधरीको निधन भइसकेको छ। पूर्वसचिव धरणीधर खतिवडा टिकिन्छा गुठीका नाममा जग्गा लैजान सामाजिक समितिबाट निर्णय हुँदा समितिका सदस्य सचिव थिए । सचिवहरू शङ्करप्रसाद सुवेदी, रवीन्द्रमान जोशी, नारायणगोपाल मलेगो, दिनेशहरि अधिकारी र युवराज भुसाल सट्टाभर्ना र टिकिन्छा गुठीसम्बन्धी निर्णयमा संलग्न छन् । मन्त्रिपरिषद्को सामाजिक समितिको निर्णयबाट सरकारी जग्गा टिकिन्छा गुठीमा लैजान डाकिएको बैठकमा सचिवहरू रमेश ढकाल, राजुमानसिंह मल्ल, भेषराज शर्मा, कृष्णचन्द्र पौडेल, सुरेशमान श्रेष्ठ र माधवप्रसाद रेग्मी आमन्त्रित सदस्य थिए। निर्णय गर्दा उनीहरूको समेत उपस्थिति रहेकाले अनुसन्धानको दायरामा परेका हुन् । ढकाल हाल उच्च अदालतमा न्यायाधीश छन् ।

यस्तै, मालपोत, नापी, भूमिसुधार विभाग तथा मन्त्रालयमा बसेर नक्कली फाइल खडा गर्नेदेखि त्यस्ता फाइलका आधारमा टिप्पणी उठाउने र सरकारी जग्गा नक्कली मोहीका नाममा कायम गराउनेसम्मका निर्णयमा १८ जना सहसचिवको संलग्नता खुलिसकेको छ। स्रोतबाट प्राप्त विवरण अनुसार पूर्वनिर्वाचन आयुक्त शाह, कलाधर देउजा, उमानाथप्रसाद ज्ञवाली, मुकुन्दप्रसाद आचार्य (हाल मृत्यु), रुद्रकुमार श्रेष्ठ, गेहनाथ भण्डारी, प्रेमबहादुर खापुङ, टीकाराम घिमिरे, शङ्करप्रसाद सुवेदी, पुरुषोत्तम पौडेल, विनोदप्रसाद पौडेल (जिल्ला न्यायाधीश, तत्कालीन कानून अधिकृत), सुरोज राजकर्णिकार, बालकृष्ण श्रेष्ठ, अशोकनाथ उप्रेती, धर्म गौतम, जीतबहादुर थापा, तेजराज पाण्डे र गुठी संस्थानका प्रमुख बलिरामप्रसाद साह तेलीको पनि संलग्नता खुलेको हो । यसमध्ये पाँचजना पूर्वसचिव बस्न्यात, अधिकारी, पन्त, भुसाल र मलेगोसहित धेरैजसो व्यक्तिविरुद्ध प्रहरीले अदालतबाट पक्राउ अनुमति लिएर अनुसन्धान जारी राखेको छ, तर ककसलाई पक्राउ गर्न अनुमति लिइएको छ भन्ने प्रहरीले खुलाएको छैन ।

जग्गा हिनामिनामा संलग्न २०४९ देखि २०६९ सम्मका निर्णय प्रक्रियामा संलग्नदेखि जग्गा हत्याउन किर्ते, जालसाझी, नक्कली मोही खडालगायतमा संलग्न चार सयभन्दा बढी मानिसविरुद्ध पक्राउ अनुमति लिइसकिएको प्रहरीले जनाएको छ । पक्राउ अनुमति लिइएका व्यक्ति एकअर्का मितिका निर्णयमा दोहोरो संलग्न देखिएको प्रहरी स्रोतको भनाइ छ। अपराधमा संलग्नमध्ये २८ जनाको मृत्यु भइसकेको खुलेको छ ।

यसरी भ्रष्टाचारको काण्डैकाण्ड भएको नेपाली राजनीति आजसम्मको अवस्था हेर्दा ठूलालाई चैन सानालाई ऐन रहँदै आएको छ। यतिबेलाको राजनीतिक अवस्था ठूला तीनवटा दल नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादीको राजनीतिक तथा सामाजिक भविष्य अन्धकारमय हुँदै गएको र स्वतन्त्र पार्टीको चुरीफुरी बढ्दै गएको हुनाले आफ्नो पुरानो साखलाई कायम राख्न यस प्रकारका कदम प्रचण्ड नेतृत्वको सरकारले चालेको बुद्धिजीवीहरूको विश्लेषण छ । नेपाली जनताले अहिले भोगेको मुख्य समस्या भनेको बेरोजगारी नै हो । जनताको बीचमा मध्यम वर्ग ओरालो लागेको हुनाले दलाल पूँजीवादी व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद खोज्नुपर्छ भन्ने बुद्धिजीवीको ठहर रहेको छ । यसको अलावा केवल सुधारले देशको समस्या समाधान गर्न सकिंदैन । सुधारले केवल टार्ने मात्रै हो ।

# भानुभक्तको जीवनीबाट केही सिक्ने कि ?

सन्दर्भ: भानु जयन्ती




राजेन्द्रप्रसाद कोइराला
A Phd scholar
rajendrakoirala20@gmail.com


**संस्कृत भाषाको एकाधिपत्य रहेको त्यस समयमा संस्कृतका ग्रन्थहरूलाई उनले सहज र सरल नेपाली भाषामा अनुवाद गरेर आम नेपालीले बुझ्न सक्ने बनाइदिए । त्यस बेला उनको चर्को आलोचनासमेत भएको थियो ।**

**जिउँदै मर्याको भनी नाम छ कस्को ?**
**उधमबिना बित्तछ काल जस्को !!**

भानुभक्तको जन्म विक्रम संवत् १८७१ असार २९ गते र मृत्यु १९२५ असोज ६ गते ।

नेपाली साहित्यका प्राथमिककालका प्रतिनिधि कवि हुन्– भानुभक्त आचार्य । उनी वाल्मीकि रामायण (जुन संस्कृत भाषामा लेखिएको थियो)को अनुवादकको रूपमा चिनिन्छन् । मोतीराम भट्टले उनलाई पहिलोपटक नेपाली भाषाका आदिकवि भनी उपाधि दिएका थिए।

संस्कृत भाषाको एकाधिपत्य रहेको त्यस समयमा संस्कृतका ग्रन्थहरूलाई उनले सहज र सरल नेपाली भाषामा अनुवाद गरेर आम नेपालीले बुझ्न सक्ने बनाइदिए । त्यस बेला उनको चर्को आलोचनासमेत भएको थियो ।

देउताले बोल्ने भाषालाई यो बाहुनले अपमान र बेइज्जती गर्‍यो भनी उनलाई निकै लाञ्छना लगाइयो । तर उनी आफ्नो अभियानमा निरन्तर लागिरहे । फलस्वरूप रामायण, श्रीराम गीता, प्रश्नोत्तरमाला, भक्तमाला, वधुशिक्षा लगायत कृतिहरू लिएर आए, जसले नेपाली भाषाको विकास हुनुको साथसाथै सामान्यजन पनि शास्त्रको ज्ञानबाट विमुख हुनुपरेन ।

उनी यस्ता विलक्षण प्रतिभाका धनी थिए कि एकै दिनमा ६० वटा श्लोक (शार्दुलाविक्रिडित छन्द) तयार गर्थे । आधा घण्टा सोच्ने अनि लेख्न थालेपछि कलम नै नरोकिने ।

शुरूमा उनलाई सबैले चिन्दैनथे। युवा कवि मोतीराम भट्टले उनका कृतिहरू छापेर प्रकाशित गरी उनलाई आदिकवि भनी स्थापित गराए ।

नेपाल र अङ्ग्रेजको युद्ध शुरू हुनुभन्दा अगाडि विक्रम संवत् १८७१ असार २९ (ईसं १८१४–१८१६)मा उनको जन्म भएको थियो ।

पश्चिम नेपाल हालको गण्डकी प्रदेश तनहुँ जिल्लाको रम्घा भन्ने गाउँमा एउटा प्रतिष्ठित, शिक्षित, सुसंस्कारी, सम्पन्न र सम्भ्रान्त ब्राह्मण परिवारमा उनको जन्म भएको थियो ।

उनका हजुरबुबा श्रीकृष्ण ज्यादै ख्यातिप्राप्त, मर्यादित र संस्कृतका घगडान विद्वान् थिए । उनकै छ भाइ छोरामध्ये जेठो छोरा धनञ्जय आचार्य र माता धर्मवती देवीका एकमात्र पुत्र थिए– भानुभक्त। पिता सरकारी जागीरे थिए । त्यसैले उनको लालनपालन हजुरबुबाकै काखमा हुन पुग्यो, जुन उनको लागि वरदान साबित भयो । यो देशले पनि आदिकवि भानुभक्तलाई प्राप्त गर्‍यो। हजुरबुबासँगको साथले उनले सानै उमेरमा पुराण भन्न सिके र चिना हेर्न सक्ने भए ।

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका

वर्ष ३६ | २०८० असार ३० गते शनिवार | 2023 July 15 Saturday | ३

# ख्यातिप्राप्त लेखक प्रतियोगिता

हास्यव्यङ्ग्य



सञ्जय मित्र
mitrasanjay41@gmail.com

एउटाले कथिकुथी पुस्तक निकाल्यो– ख्याति ।

एकाधोटा पुस्तक निकालेपछि दम्भको बेलुन भने नफुके पनि भरिंदो रहेछ ।

कालान्तरमा लोप भयो पुस्तक । कुहिरोमा हराएको घामजस्तै लेखकको आभा कतै देखिएन ।

युग बदलियो । एक ठाउँमा यस्तो युग आयो कि पुराना लेखकको खोजी भयो । कतैबाट कानमा पस्यो यो कुरो । उनमा निराश भएर करीब मरिसकेको लेखक जुर्मुरायो । आफूलाई पुरानो लेखक भन्ठान्यो । जमानामा नै आफ्नो कृति प्रकाशित भएको प्रमाण पनि पेश गऱ्यो । एउटा ठूलो ठाउँको लागि पुरानो लेखक चाहिएको थियो । त्यो ठाउँमा आसीन भयो ।

त्यसपछि उसले अर्को कृति निकाल्यो– पुरानो ।

उसलाई विश्वास थियो, कुनै दिन फेरि पुरानो लेखकको खोजी होला । पुरानो नामको कृतिकै लेखक भएपछि आफूभन्दा पुरानो कोही हुने कुरै हुँदैन ।

एक दिन सपनामा आकाशवाणी सुन्यो उसले– जब तिमी ख्यातिबारे केही कुरा निकाल्नेछौ, तब तिम्रो ख्याति सर्वव्यापी हुनेछ ।

केही दिन मौन बस्यो । एक दिन बजारको चोकमा पानीपुरी खाइरहेको थियो । उसले आफ्नो ख्याति किताब त्यही देख्यो । झालपुरी बेच्नेले एक/एक पाना च्यात्दै त्यसैमा दिंदै थियो । उसले पनि खान खोज्यो तर उसलाई लाग्यो, आफ्नै किताबको पानामा झालपुरी खानु सार्है बेमज्जा हुन्छ । किताबको दाम तिरेर उसले किन्यो ।

पदासीन भएपछि एउटा जुक्ति निकाल्यो– ख्यातिप्राप्त लेखकलाई पुरस्कृत गर्ने ।

चानचुन पैसाको व्यवस्था संस्थाले गरिहाल्यो । आजभोलि आफ्नो कोही स्थानीय तहमा निर्वाचित छ भने संस्थामा जति पनि पैसा झार्न सकिन्छ । आफ्नो अनुकूल संस्था पनि खोल्न सकिन्छ । हो, पैसा देखेपछि महादेवका पनि तीन नेत्र खुल्छ भन्छन् क्यारे । पुरस्कारलाई प्रतिष्ठित बनाउनु थियो । पुरस्कारलाई प्रतिष्ठित बनाउनुको अर्थ हो, आफूले पनि प्रतिष्ठित पुरस्कार पाउनु । कालान्तरमा त्यसको योग्य बन्ने बाटो निर्माण गर्नु । एक हातले कतै ताली बज्दैन, विनाबिहे कोही साली बन्दैन ।

ख्यातिप्राप्त लेखकलाई ठूलो धनराशिको पुरस्कार दिइने भएपछि पुरस्कारको व्यवसायमा एकचोटी हलचल मच्चियो । कुन लेखक ख्यातिप्राप्त र कुन लेखक ख्याति अप्राप्त भनेर छुट्याउन गाह्रो हुने भयो । गन्थन र मन्थन शुरू भयो । अनुसन्धान र समीक्षा पनि हुन थाल्यो । कसरी पत्ता लगाउने ख्यातिप्राप्त लेखक ? सामाजिक सञ्जालमा पुरस्कारको भन्दा ख्यातिप्राप्त लेखक शब्दले ट्रेन्डिङ पायो । यस्तैमा एउटा अड्डाअगाडि लेखनदास भनी परिचित लेखापढी व्यवसायीले एउटा पोस्ट गऱ्यो– म हुँ ख्यातिप्राप्त लेखक ।

भर्खर लाइसेन्स प्राप्त गरेको थियो । निकै राम्रो लेखावट थियो र बेहोरा पनि खूब मिलाउन जानेको थियो । उसले पोस्ट गरेको फोटोमा उसले एउटा किताब फोकस गरेको थियो । किताबको नाम थियो– ख्याति ।

सबैले लेखनदास भनेर चिनेको मानिस नै देखियो– ख्यातिप्राप्त । अब जे खोजेको थियो, त्यो त प्राप्त भयो नै । उसको कुनै किताब प्रकाशित भएको थिएन तर मुख्य शर्त उसले पूरा गरेको थियो ।

पुरस्कारप्रदायक संस्थाका प्रमुखले एकसाथ दोहोरो खुशी पायो । शर्त अनुसारको ख्यातिप्राप्त दाबी गर्ने मान्छे निस्कियो र आफ्नो कृति पनि भेटियो । आफ्नै कृतिले ख्यातिप्राप्त लेखक बनाएको खुशी त अटाइनसक्नु थियो ।

पुरस्कारको अर्को शर्त थियो, लेखकले निवेदन दिनुपर्ने । लेखनदासले हरेक दिन निवेदन नै त लेख्छ । उसले जताबाट थाहा पाएको होस् तर ख्यातिप्राप्त लेखकको दाबीपछि अब निवेदन त लेख्नुपऱ्यो ।

उसले एउटा निवेदन लेख्यो र आफैं पढ्यो । धेरै राम्रो निवेदन थियो । एक छिनपछि अर्को निवेदन लेख्यो र पहिलेभन्दा झन् धेरै खुशी भयो । एव रीतले निवेदन लेख्दै गयो र खुशी हुँदै गयो । आखिर जीवनमा खुशी हुनु ठूलो कुरो रहेछ । विचार गऱ्यो, निवेदनसाथ पुरस्कारको लागि दाबी गर्नुपर्नेछ । एक दुईटा निवेदनले मेरो दाबी पुग्दैन कि ? पुरस्कारदातालाई रिझाउनुपर्छ । यस कारण उसले पुरस्कारदातालाई अनेक स्वस्तीगान, अनेक उपमा, अलङ्कार र महामानवभन्दा पनि ठूलो त्यागी, तपस्वी सबै कुरा उल्लेख गरी एकपछि अर्को निवेदन लेख्यो । र तोकिएको समयभित्रै निवेदनको एउटा चाङ नै लगेर पुरस्कारप्रदायक संस्थाको कार्यालयमा बुझायो ।

निवेदन लेख्नु आफैंमा एउटा कला हो । साहित्य पनि कला नै हो । कलाले आजीविका गर्ने कलाकार नै हुन्छ । यसै कारण कतिपयले लेखकलाई कलाकार पनि भन्छन् किनभने पुरस्कार पाउन, आफ्नोलाई दिन र योग्यता साबित गर्न पनि कला चाहिन्छ ।

पुरस्कार छनोट समितिको बैठक बस्यो । सयौं निवेदन आएका थिए (एकैजनाको) । सयौं निवेदनमध्ये एकजनालाई चयन गर्नु थियो । चयन गर्न विलम्ब भएको पनि देखाउनु थियो । भनियो, निवेदन धेरै आएकाले पुराना लेखकलाई पनि सामेल गरी निष्पक्ष निर्णय गरिनेछ ।

संस्थाका अध्यक्षले निकालेको दोस्रो पुस्तक थियो– पुरानो । किताबको नाम नै पुरानो भएपछि पुराना लेखक अरू कोही हुन सक्ला र ?

पुरानो लेखकको अलिकति खोजी गरेजस्तो गऱ्यो । सामाजिक सञ्जालमा खोजीको चिठी सार्वजनिक गऱ्यो । धेरै पहिलेदेखि लेखेर के भो, धेरै कृति प्रकाशन गरेर के भो ? अनुसन्धान वा समालोचनाले पनि किन केही लछारपाटो लाउँथ्यो । आखिरमा वास्तविक पुराना लेखक भनेको उही त हो, जसले पुरानो नामको कृति लेख्यो । अनि उसैले सबै निर्णय गऱ्यो । निर्णय त के भन्नु, अरूको आँखामा छारो हाल्ने प्रक्रियाको अभिनय गऱ्यो । दुई/चार नाम बनाएर सही गऱ्यो । भत्ता निकाल्यो । खायो, पियो र पचाएको जस्तै गऱ्यो ।

अन्ततः सबै नियम र प्रक्रिया मिलेर आएको उही ख्यातिप्राप्त लेखकले पुरस्कार पायो । किन कसैको हिम्मत हुन्थ्यो नियम र प्रक्रियामा खोट लगाउने ? दोख लगाउने ? तैं चुप र मै चुप । सबै चुप । बोल्ने ठाउँ भए पो बोल्नु । आयोजकदेखि प्रायोजकसम्मले आफूलाई पनि पुरस्कृत गराउने बाटो निर्माण गर्नु नै बुद्धिमानी हुन्छ ।

"फेरि पनि ख्यातिप्राप्त लेखकको खोजी भयो भने मैले पनि जानेको छु" पुरस्कार वितरण समारोहको समापनपछि एउटाले पोस्ट गऱ्यो ।

अनेक प्रतिक्रियाहरू आए । प्रतिक्रियावादीहरूको कामै प्रतिक्रिया दिनु हो । राम्रो काम गरे पनि प्रतिक्रिया र नराम्रो काम गरे पनि प्रतिक्रिया । अनि उसले जवाफ पनि दिंदै गयो । "सबैभन्दा

(बाँकी पाँचौं पातामा)

## केही मुक्तक

- वैद्यनाथ श्रमजीवी

हजारौं वर्षदेखिको अपहेलित दिल हो यो
जात व्यवस्था उन्मूलनको अपील हो यो
जातको आधारमा विभेद गर्ने विरुद्धको
जनजागरण आन्दोलनमा सामेल हो यो ।
अछूत भनिएकाहरूलाई समाजको सान बनाउनुपर्छ
जीवनको प्रत्येक पाइलामा सधैं मान बनाउनुपर्छ
एकाइसौं शताब्दीमा अब हेला विभेद अपमान होइन
सबैको मन–मुटुमा बस्ने सर्वमान्य गुनगान बनाउनुपर्छ ।
बाँचुन्जेल तानातान गर्ने कुसंस्कृति छ हाम्रो
स्वार्थवश हानाहान गर्ने कुसंस्कृति छ हाम्रो
अर्जुनदृष्टि निजी हितमा राखेर अवसरवादी
मरेपछि चैं गुनगान गर्ने कुसंस्कृति छ हाम्रो ।
जानीजानी भ्रष्टाचारमा फस्नेलाई के भनूँ म
भ्रष्टको खुट्टामा तेल घस्नेलाई के भनूँ म
नैतिकताले माथिमाथि उक्लिनै नसकेपछि
इमानदारीको घाँटीमा छुरा धस्नेलाई के भनूँ म ।

– प्रगतिनगर, वीरगंज

## गुरु


- नन्दकिशोर साह

गुरुबाट नै हुन्छ जीवनको शुरू
पढ्न, लेख्न सिकाउनुहुन्छ खुरुखुरु
उहाँ नै हो ज्ञानको भण्डार
हेर्ने दृष्टिकोण सफल संसार
नगरी कसैलाई काखापाखा
सधैं सम्झी सबैलाई आफ्नो शाखा
दिनरात आफू मैनबत्तीझैं बली
दूर गर्नुहुन्छ अन्धकार ज्ञानको ज्योति छरी
हरेक काम सफल बनाइ
नछोडी साथ कहिल्यै सधैं हसाइ, खेलाइ
हुन्छ जसको अमूल्य योगदान
अमर छ जसको आदर्श व्यवहार
भगवान्भन्दा माथि हुन्छ गुरुको स्थान
जसको कारण कोही बन्दछ महान्
दिने गरौं उहाँलाई सभ्य सम्मान
उहाँ नै हो हाम्रो जीवनको आधार ।

*– कालिकामाई गाउँपालिका–१, रविदास*

# विवाह संस्कार

सरोकार



राजेश मिश्र
rajesh560107@gmail.com

"हेलो, भैया पानी के जार ले के हम आइल बानी, काँहवा राखाई ?" जवाफमा, "हम विवाह भवन में अभी नइखीं, बाजार में सामान किने आइल बानी, ओतही एक आदमी बाटे, रह उनकरा के हम फोन कर दे तानी ।" फोन राखेसँगै पुनः फोनको घण्टी बज्छ । हेलो भन्ने बित्तिकै उताबाट आवाज आउँछ, "दाजु हम बाँस आ खर ले के आवतानी । अपने के घर केने ओरी बाटे ?" वर्तमान समयमा फोनको सुविधा भएकोले माङ्गलिक कार्यहरूको व्यवस्थापन निकै सहज भएको छ ।

तिलक संस्कार, कथा मटकोर र विवाह गरी तीन चरणमा वैवाहिक



तस्वीर: लेखक

संस्कार सम्पन्न हुन्छ । तिलक भनेको विवाहपूर्व बेहुली पक्षद्वारा बेहुलाको पूजापाठ गरी तिलक (चन्दन) लगाइन्छ । यद्यपि तिलक संस्कारको मर्म दाइजोजन्य संस्कारको रूपमा सामाजिक मनोविज्ञान स्थापित छ । तर यस्तो मनोविज्ञान किन स्थापित छ ? किनभने बेहुला पक्षद्वारा बेहुली पक्षसँग माग गरिएका सामग्री तिलकोत्सवमा दिनुपर्छ । तिलकोत्सवमा सहभागी मानिसहरूको ध्यान कथा पूजामा कम र सामग्रीतर्फ बढी केन्द्रित रहन्छ । त्यस कारण तिलकोत्सवको मूल तत्त्व दाइजोमा विलीन भएको छ ।

कथा मटकोरको दिन माडो (मडवा) छाउने र त्यसपछि सोही माडोमा साँझपख सत्यनारायण भगवान्को कथापूजा हुन्छ । कथापूजा सम्पन्न भइसकेपछि मटकोर हुन्छ । अघि–अघि तासा (स्थानीय लोकबाजा) बजाउँदै पेशाकर्मीहरू र पछिपछि गीत गाउँदै महिलाहरू जान्छन् । मटकोरमा माङ्गलिक गीतगारीसँगै महिलाहरूले विधिपूर्वक माटो खन्ने चलन छ । सत्यनारायण भगवान्को कथा र महिलाहरूद्वारा माटो खन्ने लोकपरम्परालाई संयुक्तरूपमा 'कथा मटकोर' भनिन्छ । कथा र मटकोर विवाह संस्कारभन्दा एक/दुई दिन अघि गरिन्छ ।

विवाहको हप्तौं अघिदेखि व्यवस्थापकीय व्यस्तता चुनौतीपूर्ण हुन्छ । वैवाहिक कार्यक्रम नितान्तरूपमा अभिभावकको चिन्ता र चासोको विषय हो । यद्यपि विवाह तय हुनुपूर्व र पछि गरी थुप्रै प्रकारका जिम्मेवारी निर्वाह गर्नुपर्छ । ती जिम्मेवारीहरू परिवार, आफन्तजन तथा समाजको भूमिकाविना पूरा हुन सक्दैन । सबैको साथ, सहयोग र भूमिकाले जीवनको नितान्त महत्त्वपूर्ण जिम्मेवारी सम्पन्न हुन्छ ।

टेन्ट, बत्ती, हलुवाइ, पुरोहित, बैन्डबाजा, सवारीसाधन, पूजन तथा खाद्यान्न सामग्रीका साथै डोम समुदायद्वारा निर्माण गरिएको बाँसका विविध उपक्रम तथा चमार समुदायको अति महत्त्वपूर्ण स्थानीय लोकबाजा 'तासा'को संयोजन सनातन विवाह संस्कारको महत्त्वपूर्ण पाटो हो । विवाह संस्कारमा हुने आर्थिक गतिविधि समाजका विभिन्न तहतप्कासम्म पुग्छ ।

यसको अलावा विवाह संस्कारमा निमन्त्रण ग्रहण गरी सहभागिता जनाउने विभिन्न जातजातिका इष्टमित्रहरूले आशीर्वचन प्रदान गर्ने चलन साक्षीको रूपमा समुदायको उपस्थितिलाई दर्शाउँछ ।

स्त्री–पुरुषबीच विवाह संस्कार नितान्त प्राकृतिक सम्बन्ध हो । समाजलाई सुव्यवस्थित बनाउने उद्देश्यका साथ हाम्रा ऋषिमुनिहरूले नरनारीबीच विवाह संस्कार स्थापित गरेका थिए । त्यसअघि यौन दुराचार व्याप्त थियो । सदियौंदेखि स्थापित यस परम्परा अनुसार वैवाहिक लगनका महीनाहरूमा कतै छोरीको रूपमा घरबाट बिदाइ गरिन्छ भने कतै बुहारी/लक्ष्मीको रूपमा घरमा भित्र्याउने क्रम निरन्तर छ ।

बच्चाहरू लड्दा वा सामान्य चोटपटक लाग्दा हृदयमा आघात पुग्ने आमाबुबाहरूले काखी च्यापेर, औंला समातेर हुर्काएको छोरीलाई अर्काको हातमा सुम्पिदिनु चानचुने कुरा होइन । प्रकृतिको उद्देश्यपूर्ति तथा सामाजिक परम्परा निर्वहनको क्रममा उमेर पुगेपछि छोरीको विवाह र बिदाई गर्नै पर्छ । यो नितान्त प्राकृतिक र सत्यापित मार्ग हो ।

अपवादबाहेक बहिनीको विवाह र बिदाइ गरेको अनुभवभन्दा छोरीको विवाह र बिदाइ गर्नु फरक कुरो रहेछ । किनभने बहिनीको विवाहमा आर्थिक प्रबन्धनको जिम्मेवारी पूर्णरूपेण अभिभावकमा केन्द्रित रहन्छ । युवावर्ग खासगरी किनमेल वा व्यवस्थापकीय जिम्मेवारी निर्वाह गर्छ ।

वैवाहिक संस्कार सम्पन्न गर्नेले थुप्रै प्रकृतिका जिम्मेवारी पूरा गर्नुपर्छ । विवाहको बन्दोबस्त गर्दागर्दै कसरी समय बित्छ भन्ने पत्तै हुँदैन । प्रथमतः बेहुला पक्षलाई बेहुली र बेहुली पक्षलाई बेहुला मन पर्नुपऱ्यो । दुवै पक्षबीच सहमति भइसकेपछि वैवाहिक क्रियाकलाप अघि बढ्छ । ब्राह्मणको सहभागितामा विधिवत्रूपमा विवाहको दिन तय हुन्छ । त्यसपछि दुवै पक्ष विवाहको तयारीमा जुट्छन् । बेहुली पक्षतर्फ बढी जिम्मेवारी हुन्छ । किनभने विवाह बेहुली पक्षको द्वारमा हुन्छ र वैवाहिक समारोहको सम्पूर्ण तयारी बेहुली पक्षको काँधमा हुन्छ ।

छोरीलाई पराया धन भन्ने गरिन्छ । किनभने एक न एक दिन छोरीको विवाह गर्नै पर्छ । कन्यादान गरी बिदाइ गर्नै पर्ने हुन्छ । छोरीको जन्मथलो र कर्मथलो फरक–फरक हुन्छन् । छोरीका लागि उपयुक्त बेहुला खोज्न धेरै अनुसन्धान गरिन्छ । त्यसपछि विवाहको निधो गरिन्छ । सनातन संस्कृतिमा वैवाहिक संस्कारको सन्दर्भमा थुप्रै प्रकारका नियम, विधि र व्यवस्था रहेका छन् । बेहुला र बेहुलीको कुण्डली र त्यसमा ग्रह–गोचरको अवस्था अध्ययन गरिन्छ । विशेषगरी मङ्गलदोष, दाम्पत्य सुख र सन्तान सुखबारे निर्क्योल गरिन्छ । सनातन संस्कृतिमा विवाहका प्रत्येक चरण ज्योतिष विद्यामा आधारित छन् ।

उहिले विवाह संस्कारमा नियम र विधि पूर्णरूपेण ग्राह्य थियो । समयको गतिसँगै मानिसहरू व्यस्त हुँदै गइरहेका छन् र शास्त्रहरूमा उल्लिखित विधि र नियमहरू कोरम पुऱ्याउने कार्यमा सीमित हुँदै गइरहेका छन् । एउटा प्रचलित हिन्दी लोकोक्ति नै छ– मानो तो देव नहीं तो पत्थर । आजभोलि अध्ययनविनाका विश्लेषण गर्ने वैज्ञानिक र वकीलतुल्य कुरा काट्ने मानिसहरूको समाजमा कमी छैन । हिन्दू धर्म अन्तर्गत विधि र नियमपूर्वक हुने विवाह अद्भुत मात्र होइन, वैज्ञानिकतामा आधारित छ ।

विवाह संस्कारमा बेहुलीको कन्यादान गरी बेहुलालाई सुम्पिइन्छ । रीतपूर्वक बेहुलीको बिदाइ गरिन्छ । त्यसपछि सवारीसाधनमा सवार भई बेहुलासँगै बेहुली ससुराघर जान्छिन् । जन्मदेखि बिहेसम्म आफ्नो हरेक दुःख–सुख, तीता–मीठा अनुभवहरू साझा गर्ने गरेकी छोरीको जस्तोसुकै समस्यामा निस्स्वार्थ भावका साथ परिवारले ख्याल राख्छ । एकअर्काबीच अनन्त माया प्रवाहित भइरहन्छ । तर विवाहसँगै अभिभावक र परिवारलाई छाडेर अपरिचित घरमा जीवन निर्वाह गर्ने अवस्था आउँछ । भनिन्छ, छोरी मान्छेको तीन प्रकारले जन्म हुन्छ– (१) आमाको गर्भबाट जब जन्म हुन्छ, (२) विवाहपश्चात् जब दाम्पत्य जीवन शुरू हुन्छ र (३) स्वयम् जब आमा बन्ने समय आउँछ ।

विवाह संस्कारको सबैभन्दा भावविह्वल पल हो, बेहुलीको बिदाइ । आफ्ना आमाबुबाको असीम माया पाएकी छोरी, जसविना विवाहसम्म बाँच्न शायद असम्भव थियो । आफू जन्मेको, हुर्केको र आफ्नो जीवनको महत्त्वपूर्ण अंश बिताएको घर छोडेर जानुको पीडा एउटी छोरीले मात्र बुझ्न सक्छिन् । यही कारण हो कि बिदाइको बखत छोरीहरूको आँखा छल्किन्छ । छोरीको आँखाको अश्रुधाराको तरङ्ग त्यहाँ उपस्थित आमाबुबा, परिवार, आफन्तजनसम्म पुग्छ । कसैले आफ्नो आँखाको अश्रुधारा रोक्न सक्दैन । छोरीको बिदाइको बखत माहोल भावविह्वल बन्छ ।

एकातिर बेहुलीमा जीवनसाथी पाउन र घर सजाउने भावना हुन्छ भने अर्कातिर आफ्ना आमाबुबा र परिवारका सदस्यहरूको माया, स्नेह र प्रेमको कारण बिदाइको समयमा मनको दुःख आँसुको रूपमा निस्कन्छ । अवस्था जस्तोसुकै भए तापनि विवाह र जीवनको नयाँ सुरुआत प्रकृतिप्रदत्त नियम हो । अन्ततः समयक्रमसँगै माइतीभन्दा पतिको घर आफ्नो लाग्न थाल्छ ।

"बाबुल की दुवाएँ लेती जा, जा तुझको सुखी संसार मिले ..." यो सुमधुर गीत सन् १९६८ मा रिलिज हिन्दी फिल्म

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ-४१

**फ्रेन्चाइजः एक विशेष व्यापार पद्धति**

अमेरिकीहरूको जीवन पद्धतिको एक विशेष उल्लेखनीय चलन हो खोज, अनुभव एवं विचारको अभिलेखीकरण गर्नु । ती कुराहरूको उचित किसिमले व्यवस्थापन गर्नु । ती कुराहरूको उचित किसिमले यसरी व्यवस्थित गर्नु कि भविष्यका पुस्ताहरूलाई पूर्वका पुस्ताहरूले प्राप्त गरेका ती अनुभव हस्तान्तरण गरेका विचार प्रयोग गर्न सजिलो होस् । र प्रयोग गरेपछि फाइदा पुगोस् । कार्य गर्न सजिलो होस् । जीवनमा सफलता प्राप्त होस् । अर्थात् एउटाले कठोर परिश्रम र सङ्घर्ष गरेर कुनै खास किसिमको कार्य गर्नमा दक्षता प्राप्त गरेको छ भने उसले त्यस दक्षताको अभिलेखीकरण यस उद्देश्यका साथ गर्छ कि आउने पुस्तालाई त्यस किसिमको कार्य गर्न कठिनाइ नहोस् । पहिलो पुस्ताको त्यो अनुभव सजिलै गरी उपयोग गर्न सकियोस् । सोही कार्य गर्न पहिलो पुस्तालाई जस्तो कठिन परिश्रम र सङ्घर्ष दोस्रो, तेस्रो पुस्ताले गर्न नपरोस् ।

पूर्व वा पहिलो पुस्ताले प्राप्त गरेको अनुभवको वर्तमान वा आउने पुस्ताले उपयोग गर्ने एउटा क्षेत्र हो– 'फ्रेन्चाइज' अर्थात् एक विशेष किसिमको व्यापार पद्धति । यस पद्धति वा यस किसिमको व्यापार तरीकामा कुनै नयाँ व्यवसाय (व्यापार वा सेवा व्यवसाय) गर्ने व्यक्ति वा संस्थाले आफ्नो नामबाट कुनै व्यापार सञ्चालन गर्नुको सट्टा कुनै स्थापित व्यापारिक संस्थाको नाम (ब्रान्ड एवं ट्रेडमार्क) प्रयोग गरेर व्यापार सञ्चालन गर्छ । त्यसरी आफ्नो नाम प्रयोग नगरेर स्थापित व्यापारिक संस्थाको नाम प्रयोग गरेबापत त्यस स्थापित संस्थालाई वार्षिक शुल्क भुक्तान गर्छ । यसरी नयाँ व्यापारिक संस्थाले केही शुल्क भुक्तान गरेर स्थापित व्यापारिक संस्थाको नाम, व्यापार तरीका, ख्याति, परिचय आदि उपयोग गर्न पाउँछ । त्यतिमात्र होइन, नयाँ व्यापारिक संस्थाले पुराना व्यापारिक संस्थाका ग्राहकहरू आफ्नो व्यापारतिर तान्छ । पुरानो व्यापारिक संस्थाको नामको आधारमा नयाँ-नयाँ ग्राहकहरू सिर्जना गर्छ ।

उक्त नयाँ व्यापारिक संस्थाले आफ्नो


धारावाहिक



विश्वराज अधिकारी
akoutilya@gmail.com


नाम प्रयोग नगरेर स्थापित संस्थाको नाम किन प्रयोग गरेको होला ? यो प्रश्नको उत्तर सरल पनि छ र जटिल पनि । कुनै व्यक्तिले पहिलोपटक वा नयाँ व्यापार सञ्चालन गर्दा बजारमा उसको बारेमा थाहा पाउने, उसलाई चिन्ने र पत्याउनेहरूको सङ्ख्या न्यून हुन्छ । यसैगरी, नयाँ व्यापार सञ्चालन गर्ने व्यक्तिलाई व्यापार कसरी गर्ने भनी राम्रो अनुभव नहुन सक्छ । यस्तो अवस्थामा स्थापित संस्थाको नाम र व्यापार गर्ने तरीका नयाँ व्यापार गर्नेले प्रयोग गरेमा उसलाई बजारमा माथि भनिएका समस्याहरू भोग्नुपर्दैन ।

अर्को शब्दमा भन्ने हो भने, फ्रेन्चाइजमा नयाँ व्यक्तिले केही शुल्क भुक्तान गरेर स्थापित संस्थाको नाम प्रयोग गर्न सक्छ । उसको व्यापार तरीका उपयोग गर्न सक्छ । साथै उसको अनुभव र ख्यातिसमेत पनि प्रयोग गर्न सक्छ ।

स्थापित संस्थाको नाम एवं व्यापार तरीका प्रयोग गरेर व्यापार गरिने तरीकालाई अमेरिकामा 'फ्रेन्चाइज' भन्ने गरिन्छ । फ्रेन्चाइजका तीन महत्त्वपूर्ण पक्षहरू हुन्छन्, जुन यस प्रकार छन्– फ्रेन्चाइजर, फ्रेन्चाइजी र फ्रेन्चाइज एग्रिमेन्ट ।

आफ्नो नाम, ट्रेडमार्क, अनुभव, व्यापारको तरीका अर्को व्यक्ति वा व्यापारिक संस्थालाई प्रयोग गर्न कानूनीरूपमा अनुमति दिने र त्यसरी अनुमति दिएबापत प्रयोगकर्तासँग तोकिएको शुल्क लिने पक्षलाई 'फ्रेन्चाइजर' भन्ने गरिन्छ ।

तोकिएको शुल्क भुक्तान गरेर स्थापित व्यापारिक संस्थाको नाम, व्यापार तरीका, ख्याति, ट्रेडमार्क आदि कानूनीरूपमा प्रयोग गर्ने व्यक्ति वा व्यापारिक संस्थालाई 'फ्रेन्चाइजी' भन्ने गरिन्छ ।

कुन स्थान र के कस्ता शर्तहरू पालन गरेर फ्रेन्चाइजरले फ्रेन्चाइजीलाई व्यापार गर्न अनुमति दिने र फ्रेन्चाइजीले व्यापार गर्न पाउने भनी सम्बन्धित दुई पक्षबीच हुने सम्झौतालाई 'फ्रेन्चाइज एग्रिमेन्ट' भन्ने गरिन्छ ।

केएफसी, सर्कल के, डेरी क्वीन, पिज्जा हट, सेभेन एलेभेन, टाको बेल, युपिएस, चिक-फिल-ए, एस, मेक डोनाल्ड, सब वे, बर्गर किङ आदि अमेरिकाका ख्यातिप्राप्त फ्रेन्चाइजरहरू हुन् । यी संस्थाहरू फ्रेन्चाइज व्यापारमा संलग्न छन् ।

स्थापित संस्था वा माथि भनिएका संस्थाहरूको नाम प्रयोग गरेर व्यापार गर्दा के फाइदा हुन्छ ? यस प्रश्नको उत्तर सजिलो छ । केही शुल्क भुक्तान गरेर अरूले प्राप्त गरेको व्यापार अनुभव, ख्याति र तरीका सजिलै प्रयोग गर्न सकिन्छ । ग्राहक खोज्नुपर्दैन, पहिलेदेखि नै आफूले रोजेको स्थापित व्यापारिक संस्थाका ग्राहकहरू हुन्छन् ।

अमेरिकी फास्टफूड चेन रेस्टुरेन्ट म्याक डोनाल्ड, जसले फ्रेन्चाइज व्यापार गर्छ, संसारकै सर्वाधिक शाखा सङ्ख्या भएको विशालकाय फास्टफूड रेस्टुरेन्ट हो ।

म्याक डोनाल्ड मुख्य कम्पनीलाई केही शुल्क भुक्तान गरेर, जो कोहीले पनि, अमेरिकाका अनेक शहरमा म्याक डोनाल्डको नामबाट रेस्टुरेन्ट सञ्चालन गर्न सक्छ ।

यसरी अमेरिकामा व्यापारिक अनुभव, विचार, सीप, दक्षता आदिको अभिलेखीकरण हुन्छ । संरक्षण हुन्छ । र माथिल्लो पुस्ताबाट तल्लो पुस्तामा प्रभावकारी किसिमले हस्तान्तरण हुन्छ ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा


- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज


सद्गुरुले सङ्गीतलाई अत्यन्त महत्त्व दिनुभएको छ । किनकि भित्र हामी जुन परमात्माको खोजी गरिराखेका छौं, त्यो पनि सङ्गीतको स्वरूपमा छ । यो सङ्गीतलाई हामी बहुत सूक्ष्म, अत्यन्त जागरूक तथा शान्त भएपछि मात्र सुन्न सकिन्छ । बाहिरको मधुर सङ्गीत सुनेर हामी रिहर्सल गर्न सक्छौं । बाहिरी सङ्गीतलाइ जोडेर सद्गुरुले हामीलाई अन्तर्सङ्गीततिर मोड्ने प्रयास गर्नुभएको छ ।

ध्यानका विधिहरू छान्दा विशेषगरी जुन विधिमा गहन जागरूकता साँध्नु छ, जुन विधिमा साक्षी भाव साँध्नु छ, ती विधिहरूलाई बिहानको समयमा गर्नु राम्रो हुन्छ । उदाहरणको लागि डाइनामिक मेडिटेशन अथवा प्राणायाम गर्नुपर्ने जति पनि ध्यान विधिहरू छन्, ती विधिहरूलाई बिहानको समयमा गर्नु राम्रो हुन्छ किनकि यी विधि गर्नाले ऊर्जा जागरण हुन्छ र सजगता पनि सधिन्छ । यदि हामीले यी विधिहरूलाई रातमा गर्‍यौं भने यी ध्यान गर्दा जागेको शक्तिले निद्रा आउन दिंदैन । निदाउनको लागि हाम्रो ऊर्जा शिथिल र शान्त हुनुपर्छ, अनिमात्र हामी निदाउन सक्छौं ।

प्राणायामबाट जुन शक्ति जागरण हुन्छ, त्यसले निदाउनको लागि बाधा पुर्‍याउँछ । यसैले हामीले रातमा प्राणायाम अथवा विपश्यना पनि गर्नुहुँदैन । रातको लागि हामीले यस्तो विधि छान्नुपर्छ, जुन विधि गर्नाले हामीलाई निदाउन सजिलो हुन्छ । उदाहरणको लागि एउटा विधि छ, सुफी दरवेश नृत्य । यस विधिमा साधकहरू सानासाना बच्चाहरूले जस्तै गोलगोल घुम्ने गर्छन् । साना केटाकेटी यस खेलमा खूब रस लिन्छन् । बाबा आमाले नखेल बाबु लडिन्छ भन्दा पनि खेलिरहन्छन् । उनीहरू लड्दै-उठ्दै फेरि खेल्न थाल्छन् । पक्कै पनि उनीहरूलाई यस खेलबाट धेरै आनन्द आउँछ होला । त्यसैले उनीहरू यो खेल खेलिरहन्छन् ।

जलालुद्दीन रूमी नाम गरेका एक अद्भुत सुफी फकिर थिए । एकपटक उनी बच्चाहरूले घुमेजस्तै गोलगोल घुम्न थाले । उनी तीन दिनसम्म लगातार घुमिरहे । जब उनी भुइँमा लडे उनी त्यहीं समाधिस्थ भए । उनलाई परमात्मा साक्षात्कार भयो ।

उनले परमात्मा प्राप्त गरे । गोलगोल घुम्ने खेल अनौठो छ । सुफी दरवेश नृत्यमा यसैगरी गोलगोल घुम्ने गरिन्छ । यो ध्यान विधि राति गर्नु नै राम्रो हुन्छ । यो ध्यान गरेपछि शरीर तथा मनलाई गहिरो विश्राम हुन्छ ।

साधकहरूले बिहान र बेलुका दुवै समयमा साधना गर्नुपर्छ । नादब्रह्म ध्यान राति सुत्ने बेलामा गर्न सकिन्छ । जो बिहान छिट्टै उठ्छन्, उनीहरूले पनि ब्रह्म मुहूर्तमा यो ध्यान गर्न सक्छन् । विनाअलार्म मध्यरात्रिमा निद्रा खुलेमा पनि यो ध्यान गरेर सुत्न सकिन्छ ।

ध्यानका सबै विधिलाई कुन कुन समयमा गर्ने भनेर वर्गीकरण गरिएको छ । जसरी शास्त्रीय सङ्गीतमा कुन राग कुन बेला बजाउने हो, कुन बेला गाउने हो भनेर निर्धारण गरिएको छ, त्यसैगरी ध्यानको पनि आफ्नै विज्ञान छ । त्यही विज्ञान अनुसार नै हामीहरू चल्नुपर्छ । यसमा उल्टा-सीधा गर्‍यौं भने गडबड हुन्छ ।

कुनै मानिसले रातको समयमा विपश्यना ध्यान गरेर सुत्न गयो भने उसलाई निद्रा आउँदैन । ऊ अनिद्राको शिकार हुन जान्छ । उसमा जागरूकता आउँदैन, बरु यसको उल्टो थकान आउँछ । जुन मानिस रातभरि आफ्नो श्वासलाई गनेर सुतेको हुन्छ, ऊ भोलिपल्ट दिनभरि हाइहाइ गरेर बस्छ ।

हामीले जागरूकतालाई हेर्दा कविको दृष्टिकोणबाट हेरौं, चित्रकारको दृष्टिकोणबाट हेरौं । चित्रकारले प्रकृतिको दृष्यलाई हेरेर छक्क पर्छ । उसको मन त्यो दृश्यलाई हेरेर निर्विचार अवस्थामा पुग्छ । उसले सुन्दर दृश्यको चित्र बनाउँछ । त्यसैगरी, एउटा कवि त्यो दृश्यलाई हेरेर संवेदनशील हुन्छ, उसलाई भित्रैदेखि काव्य लेखूँ लेखूँ भन्ने लाग्छ भने बाहिर ऊ गीत गुनगुनाउन थाल्छ । फुरुङ्ग भएर नाँच्न थाल्छ ।

बगैंचामा भएका धेरै फूलमा पुतलीहरू नाँचिरहेका छन् । भँवराहरूको स्वरले वातावरण गुञ्जायमान भइरहेको छ । नदी कलकल गरेर बगिरहेको छ । मौरी भुनभुनाइरहेका छन् । सूर्यको मधूरो प्रकाशमा पक्षीहरू गीत गाइरहेका छन् ।

यस्तो वातावरणमा बसेर ऊ जागरूकताको साथ जिन्दगी बाँचिरहेको छ । त्यसैले ध्यानलाई जागरूकताको, चैतन्यताको, संवेदनशीलताको पर्यायवाचीको रूपमा हेर्नुपर्छ ।

सामान्य व्यक्तिको लागि फूलहरू, पुतलीहरू, माहुरीहरू कुनै खास महत्त्व राख्दैनन् । उसले खाली एकपटक हेर्छ तर त्यसप्रति संवेदनशील भएर हेर्दैन ।

संवेदनशील तथा सिर्जनशील व्यक्तिले फूलहरूमा भएको सौन्दर्यता, मौरीको भुनभुनाहटबाट आएको मधुरता, वातावरणमा फैलिएको सुगन्धलाई हृदयबाट महशूश गर्छ ।

केहीबेरको लागि भएपनि उसभित्र ध्यानको क्षमता तथा जागरूकता सघन छ । यसैले कवि तथा चित्रकार चौबीसैं घण्टा कवि तथा चित्रकार हुँदैनन किनकि उनीहरू सधैं त्यो चेतनाको उचाइमा जिउन सक्दैनन् ।

क्रमशः

# गाँजा, भाङ्ग र चरेस

मेरो भतिज रूसमा बस्छ । पहिलोपटक होलीमा घर आयो । अहिले त्यो कुरा हराएको छ तर त्यति बेला हरेकले दूधमा बनाएको एक गिलास भाङ्ग अवश्य खान्थे तर होलीको दिन मात्र । 'जय जय शिवशङ्कर काँटा लगे न कङ्कर' गीत यसै भाङ्गको नशामा फिल्ममा राजेश खन्नाले गाएका छन् । यस आलोकमा अब आउनुस् यसको थप वैज्ञानिक वर्णन गरौं– कानाविन्वायड पाइन्छ । ओपियमको बीज जस्तो कानाविसको बीज पनि धेरै पौष्टिक हुन्छ । जसरी ओपियमको बीजमा कुनै ओपिवायड पाइँदैन त्यस्तै कानाविसको बीजमा कुनै कानाविन्वायड पाइँदैन ।


वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com


**रक्सी र भाङ्गको नशा भिन्नभिन्न प्रकारका हुन्छन् । रक्सी खाने मानिस अलि बढी भाङ्ग त खान सक्छ तर जति पनि खान सकिन्छ भन्ने भूल गर्नुहुँदैन । मेरो भतिजलाई आमाको अचार र झोल खान दिइयो र नशा कम भयो । भाङ्गको मेडिकलमा कुनै एन्टिडोट छैन । तर घरेलु उपचारमा अचार भाङ्गको तगडा एन्टिडोट हो ।**

अहिलेजस्तो रक्सीको पाउच खाने बानी कुनै युवामा थिएन । एक दिन होलीको अवसरमा उचित मात्रामा भाङ्ग खान बूढापाकाबाट पनि मनाही थिएन । मैले स्वयम् कुनै पनि होली विनाभाङ्गको व्यतीत गरेको छैन । भाङ्गविना न होलीमा डफको थाप, न त रङ्ग-अबिरको नै रौनक देखिन्छ । तर आजकाल होलीमा पाउच नै खाने बानी परेकोले गाउँमा भाङ्ग बनाउन छाडिएको छ । पाउच खानेहरूले होली गीत बिर्सिसके । धेरै दिनपछि एक प्रतिष्ठित ज्येष्ठ नागरिकले आफ्नो घरमा होलीको आयोजना गरेका थिए किनभने ती पुराना होली गीत जो लोप हुन थालेका छन्, सुन्न चाहन्थे । उनले मलाई निम्त्याए र खानको लागि एउटा माजुन पनि दिए । बस के थियो ? मेरो सिढी चढ्ने र झर्ने देखेर छोरा दङ्ग पर्‍यो । चढ्न र झर्नमा सकस हुने मान्छे त खुरुखुरु र फटाफट चढ्दै झर्दैछ । यही रिक्रिएशनको लागि मानिसले भाङ्ग खान्छन् । तर मेरो भतिज शिकारू त थियो नै वोडकासम्म खान्छु भनेर बढी भाङ्ग खाइदियो । रक्सी र भाङ्गको नशा भिन्नभिन्न प्रकारका हुन्छन् । रक्सी खाने मानिस अलि बढी भाङ्ग त खान सक्छ तर जति पनि खान सकिन्छ भन्ने भूल गर्नुहुँदैन । मेरो भतिजलाई आमाको अचार र झोल खान दिइयो र नशा कम भयो । भाङ्गको मेडिकलमा कुनै एन्टिडोट छैन । तर घरेलु उपचारमा अचार भाङ्गको तगडा एन्टिडोट हो । यो देश नटराजको देश हो । साधुसन्त र शिवभक्तहरूले चिलम र भाङ्गको प्रयोग विगत १२००० हजार वर्षदेखि गर्दै आएका छन् । चीनमा २८०० वर्ष पहिले यसको प्रयोगको प्रमाण भेटिन्छ । हिमालयको यो शिवबुटी बिस्तारै फाँटमा झर्‍यो र युरोप-अमेरिकासम्म फैलियो । उब्जाउ यस्तो कि गाँजा त लगाए हुन्छ तर भाङ्ग त हरेक गलीकुचीमा आफैं उम्रेको हुन्छ । मेरो बारीमा जति गरे पनि उन्मूलन गर्न सकिएन । सरकारले गाँजामा रोक लगाएको छ तर भाङ्गमा कसरी रोक लगाउने ? किशोरकालमा मैले खूब गाजाखेती गरेको छु । त्यसको फूल भाङ्गलाई तोडेर मिल्काउनमा म माहिर थिए । असलमा फूलभङ्गा भनेको नर बिरुवा हो, जबकि गाँजा मादा बिरुवाबाट प्राप्त गरिन्छ । अब कुरा उठ्छ कि नर बिरुवालाई मिल्काएपछि कसरी हुन्छ त प्रजनन र मैच्युरिटी । यसको जवाफ यो हो कि असलमा गाँजाको बिरुवा युनिसेक्सुल हुन्छ र नरको जरुरी हुँदैन । फूलभाङ्ग मिल्काएपछि बचेको मादा बिरुवाको चिपड बनाउने विधिले चिपड बनाएर बजारमा प्रतिकिलो रु बाऱ्ह सय प्रतिकिलोको दरले बेचिन्छ । गाँजा र भाङ्ग दुवै कानाविस भन्ने परिवारका सदस्य हुन् । विश्वमा प्रतिवर्ष गाँजा २७५००० टन उत्पादन हुन्छ, जसमध्ये आधा केवल अमेरिकामा मात्र उत्पादन हुन्छ । बाँकी आधा चीन, फ्रान्स र क्यानडामा हुन्छ । प्रश्न गर्न सकिन्छ कि हाम्रो देशमा यो किन हुँदैन । यसको कारण यो हो कि ती देशहरूमा केवल औषधिको लागि मात्र गाँजा उत्पादन हुन्छ । जबकि हाम्रो देशमा गैरकानूनीरूपले तस्करी गरिन्छ र युवाहरू नशाका लागि प्रयोग गर्छन् । तापनि हाम्रो देशमा पनि पटकपटक गाँजाको खेती गर्न दबाब त बनाइन्छ र यसो गर्नु लाभदायी पनि छ । भारतमा बनारसको ठण्डयी प्रसिद्ध छ ।

पश्चिममा यसलाई कानाविस सटाइभा भनिन्छ र कानाविस शव्द ग्रीकबाट आएको हो । स्थानविशेष



अनुसार यसको नाम पनि फरकफरक छन् । भारतमा यसलाई कानाविस इन्डिका, अमेरिकामा कानाविस अमेरिकाना तथा अन्य ठाउँमा कानाविस रूदरलिस भनिन्छ । यसमा ४८० वटा अल्केल्वायड वा घटक हुन्छन्, जसमध्ये ६६ वटालाई कानाविन्वायड भनिन्छ, जो साइकोएक्टिभ ड्रग हो । यसमा सबैभन्दा एक्टिभ घटकको नाम डेल्टा-९ टेट्राहाइड्रोक्सिकानावियोल हो, जो ८० देखि ९० प्रतिशत हुन्छ । कानाविसको पत्ता सर्वप्रथम इजरायलका रफेलले आफ्नो ९०औं जन्मदिवसमा लगाए, जसलाई वाई गोओनीको साथ फादर अफ कानाविस भनिन्छ । अर्को घटक कानाविनोलको खोज सन् १९४० मा रोबर्ट कानले तथा तेस्रो घटक कानाविडिओलको खोज सन् १९४२ मा अमेरिकामा रिगर एडम्सले गरे । अमेरिकामा यसलाई मारिजुआना प्लान्ट पनि भनिन्छ । हसिसलाई चरेस पनि भनिन्छ तथा यसलाई मादा बिरुवाको टुप्पोबाट प्राप्त गरिन्छ । साधु संन्यासीले गाँजालाई खैनीको साथ मोलेर र चिलममा भरेर टोलीमा पान गर्छन् । बाल्यकालमा मैले गजेडीहरूको टोली देखेको छु, जसमा सबै मिलेर पालापालि कस लगाउँथे । हसिसलाई नवयुकहरूले सिगरेटमा भरेर पनि खान्छन् । तिनीहरूका आँखा सधैं राताराता देखिन्छन्, जुन कानाविन्वायडको स्थायी प्रभावले हुन्छ । भाङ्गमा धतुरो मिलाएर बनाउनु र हसिसलाई पान गर्नु खतरा हुन्छ । कानाविन्वायड तीन प्रकारका हुन्छन्– फाइटोकानाविन्वायड जो बिरुवाबाट प्राप्त हुन्छ, इन्डोकानाविन्वायड जसलाई शरीरले बनाउँछ तथा सिन्थेटिक कानाविन्वायड जो प्रयोगशालामा बन्छ । ब्रेनमा कानाविन्वायडलाई ग्रहण गर्ने रिसेप्टरको नाम हो सिवी १ र सिवी २ । वास्तवमा ती थुप्रै केमिकल सबै कानाविन्वायड हुन्, जो सिवी १ र सिवी २ रिसेप्टरसँग ज्वाइन गर्छन् । कानाविन्वायडको प्रयोग केवल रिक्रिएशनमा मात्र गरिंदैन, बरु यो एक महत्त्वपूर्ण औषधि पनि हो । क्यान्सरको रेडियोथेरापीपछि हैरान गर्ने वाकवाकी लाग्छ र बान्ता हुन्छ । त्यो केवल कानाविन्वायडले मात्र मान्छ । एड्स रोगीलाई भोक लाग्दैन, त्यो पनि कानाविन्वायडले नै ठीक हुन्छ । एउटा विशेष प्रकारको छारेरोग हुन्छ । त्यसमा पनि कानाविन्वायड नै प्रयोग गरिन्छ । अरू त अरू अल्जाइमरमा पनि यसको राम्रो प्रभाव देखिएको छ । दुखाइ र सङ्क्रमणाको लागि त यसलाई सर्वाधिकार नै प्राप्त छ । ल्वाङ, मरीच, गाजर, जिङसेङ र ब्रोकाउलीमा पनि

यसको बीजमा एन्टिअक्सिडेन्ट र प्रचुर मात्रामा ओमेगा ३ तथा ओमेगा ६ पाइन्छन् । यसको सेवन मुटु र पाचनको लागि धेरै उपयोगी हुन्छ । यसरी हामीले के हेर्छौं भने ओपियमभन्दा कानाविसबाट कम खतरा हुन्छ । खतरा तब हुन्छ, जब यसलाई धेरै नै बढी मात्रामा लिइन्छ अथवा यसमा धतुरो वा अन्य नशालु पदार्थ पनि मिलाएर प्रयोग गरिन्छ । कानाविन्वायडको डोज दुईदेखि २० मिलीग्रामभित्र हुन्छ । ३० वा सोभन्दा बढी लिइयो भने खतरा हुन्छ । त्यस हालतमा हुने लक्षणहरू निम्नलिखित छन्–

गाँजा र चरेस लिएपछि तुरुन्त भाङ्ग लिएमा आधा घण्टामा लक्षणहरू देखिन्छन् । जसका दुई चरण हुन्छन्– १. स्टेज अफ इनेब्रिएशन एन्ड रिलिज अफ इन्हिबिशन अर्थात् मदमस्ती र बन्धनमुक्तिको अवस्था र २. स्टेज अफ नार्कोसिस अर्थात् बेहोशी र मूर्छाको अवस्था । पहिलो मदमस्ती र युफोरियाको अवस्था हो, जसमा मानिस धेरै क्रियाशील र बकबके हुन पुग्छ । खुशियालीमा उसले संवेदनशील विचार व्यक्त गर्छ तर उसले विचार छिटोछिटो परिवर्तन पनि गर्छ । मुटुको धडकन बढ्छ तथा कुराकुरामा हाँसो उठ्छ । भोक खासगरी मीठो खानेकुराप्रति बढी लाग्छ । यसमा रोचक यो छ कि जतिजति मीठो खाइन्छ, नशा बढ्छ र अमिलो खाए कम हुन्छ । यसको अलावा विनाकारण मांसपेशीहरूका हरकत हुन थाल्छ । त्यसपछि मानिस स्वप्निल हुन्छ र सुत्ने प्रबल इच्छा गर्छ । बिस्तारै रोगीको ठाउँ र समयको ज्ञान हराउँदै जान्छ, डराउने कुरा हेर्छ र डेलिरियममा पुग्छ । कहिलेकाहीं मानिस होमिसाइडल हुन्छ र मृत्युको डर लाग्न थाल्छ । यसको अलावा चक्कर लाग्छ र मानिस लडखडाएर हिंड्छ । मुख सुक्खा हुन्छ, छाला चीसो हुन्छ र झन्झनाहट महसूस हुन्छ । त्यसपछि मांसपेशीहरू कमजोर हुन्छन् र मानिस दोस्रो स्टेजमा जान्छ ।

दोस्रो स्टेजमा आँखा राता हुन्छन् र मानिस मूर्छा र चेतना शून्यताको अवस्थामा पुग्छ । अक्सर गहिरो निद्रापछि लक्षणहरू हराउँछन् । मृत्यु यसमा प्रायः हुँदैन तर भयो भने त्यो रेस्पिरेटरी फेल्युरले हुन्छ । तर यी सबै कुरा मानिसको बानी र मात्रामा निर्भर गर्छ ।

क्रोनिक प्रयोग र लक्षणहरू : यस्तोमा भोक नलाग्ने, कमजोरी र दुब्लाउँदै जानु, जीउ काम्नु र सेक्सुअल पावर कम हुनु र यहाँसम्म कि मानिसको दूध पनि बढ्न सक्ने हुन्छ । हामी सोच्छौं कि गाँजा, भाङ्गले सेक्सुअल पावर बढाउँछ तर हुन्छ त्यसको ठीक उल्टो किनभने गाँजा, भाङ्गले गोनाडोट्रोफिन हार्मोनको स्राव कम गर्छ र त्यस कारण टेस्टेस्टेरोन हार्मोन कम भएर पुंसत्वमा

(बाँकी पाँचौ पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# थाइल्यान्डको संसद्मा अर्को हप्ता प्रमको लागि पुनः मतदान हुने

बैंकक, २९ असार/एएफपी

थाइल्यान्डको संसद्ले अर्को हप्ता नयाँ प्रधानमन्त्रीको लागि पुनः मतदान गर्ने पुष्टि शुक्रवार गरेको छ।



तस्वीर: एएफपी

मतदान गर्ने भएको उपसभामुख पिचेत चुआमुआङफानले एएफपीसँग बताए।

मतदान कहिले हुने भन्ने प्रसङ्गमा पिचेटले स्थानीय सञ्चारमाध्यममा आएको समाचारलाई पुष्टि गर्दै भने, "नयाँ प्रधानमन्त्रीका लागि मतदान छिट्टै हुनेछ किनकि कार्यतालिका उस्तै छ। कुनै फेरबदल भएको छैन।"

पिताको मुभ फरवार्ड पार्टी (एमएफपी)ले मे महीनामा भएको चुनावमा सबैभन्दा बढी सिट जितेको र यसबाट नौ वर्षको सेना समर्थित शासनपछि प्रगतिशील सुधारका लागि आतुर थाई युवाहरू उत्साहित भएका थिए।

हार्वर्ड विश्वविद्यालयमा अध्ययन गरेका पिताको अर्को सरकारको नेतृत्व गर्ने सुधारवादी अभियानलाई बिहीवार विधायिकाका सेनाद्वारा नियुक्त सिनेटरहरूले विफल पारेका थिए। यसले राज्यको कडा शाही मानहानी कानूनमा सुधार गर्ने उनको प्रतिज्ञालाई खतराको सङ्केत देखाएको छ।

राज्यको सर्वोच्च निर्वाचन निकायले संवैधानिक अदालतले पितालाई सांसद पदबाट निलम्बन गर्न सिफारिश गरेको एक दिनपछि नै मतदान भएको हो।

थाइल्यान्डको संसद्ले जुलाई १९ मा नयाँ प्रधानमन्त्री चयनका लागि दोस्रो

एमएफपीको गठबन्धन साझेदार फेउ थाईका सांसदसमेत रहेका पिचेट चाउमुआङफाङले पितालाई पुनः मनोनीत गर्ने वा अर्को निर्वाचनमा थप उम्मेदवारको सामना गर्ने भन्ने स्पष्ट नभएको बताए।

उनले भने, "हामीले अहिले पनि पहिले यसबारे कुरा गर्नुपर्छ। अहिलेका लागि, यसले जनताबाट राय र प्रतिक्रिया सङ्कलन गरिरहेको छ।"

पिताले आफू आगामी सरकारको नेतृत्वका लागि उम्मेदवार रहेको र समग्रमा ३२४ मत मात्र प्राप्त गरे पनि हार नमान्ने बताउँदै आएका छन्।

केवल १३ सिनेटरले सुधारवादी उम्मेदवारको पक्षमा मतदान गरेका र धेरैले देशको कडा शाही मानहानी कानूनमा सुधार गर्ने एमएफपीको प्लेटफर्मको विरोध गरे।

सन् २०१४ मा भएको 'कु'बाट सत्तामा आएका प्रयुत चान-ओ-चाको नेतृत्वमा सेनासमर्थित करीब एक दशक लामो शासनलाई मतदाताले ठाडै अस्वीकार गरेका थिए।

तर तल्लो सदनका कन्जरभेटिभ सांसदहरू र जुन्टाद्वारा नियुक्त सिनेटरहरूले उनलाई आफ्नो समर्थन नदिने सङ्केतका साथ परिणाम झन्झन् अत्याज्य भएको थियो।

एमएफपीको सुधारवादी एजेन्डाप्रति देशको शक्तिशाली अनुदारवादी संस्थापन पक्षबाट आपत्ति आएको छ।

व्यापारिक एकाधिकारलाई चलाउने पार्टीको योजना पनि पुरानै नेतृत्वसँग अलोकप्रिय छ।

निर्वाचन आयोगले बुधवार पितालाई चुनाव प्रचारसम्बन्धी नियम उल्लङ्घन गरेको आरोपमा संसद्बाट निलम्बित गर्न सिफारिश गरेको थियो।

थाइल्यान्डको कानून अनुसार प्रतिबन्धित एक मिडिया कम्पनीमा पिताको शेयर स्वामित्वबारे छानबीन भएपछि यो सिफारिश गरिएको हो।

सन् २००७ देखि उक्त स्टेशनले प्रसारण गरेको छैन र पिताले उक्त शेयर आफ्नो पिताबाट विरासतका रूपमा पाएको बताएका छन्।

पिताको एमएफपी एकमात्र पार्टी थियो, जसले शाही मानहानी कानूनको काँटेदार मुद्दाको सामना गर्न अभियान चलायो र त्यसले पनि प्रधानमन्त्री चयनलाई समस्यामा पारेको छ।

संवैधानिक अदालतले उक्त प्रतिज्ञा संवैधानिक राजतन्त्रलाई 'अपदस्थ' गर्ने प्रयास गरेको आरोप लगाउँदै दायर गरिएको मुद्दालाई स्वीकार गरेको छ। पार्टीलाई आफ्नो प्रतिरक्षा प्रस्तुत गर्न दुई हप्ताको समय दिइएको छ। रासस

# वन व्यवस्थापन समूहको निर्वाचन प्रक्रियामा उच्च अदालतको रोक

प्रस, वीरगंज, २९ असार/

विन्ध्यवासिनी, कोइलाभार, बडनिहार साझेदारी वन व्यवस्थापन समूहको शुक्रवारदेखि शुरू भएको निर्वाचन प्रक्रियामा अदालतले रोक लगाएको छ।



शुक्रवार बडनिहारमा भइरहेको तेस्रो साधारणसभामा सहभागीहरू। तस्वीर: प्रतीक

शुक्रवार उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजका न्यायाधीश सीताराम मण्डलले तत्कालका लागि सबै निर्वाचन प्रक्रिया रोक्न र १५ दिनभित्र अदालतमा उपस्थित हुनेगरी परमादेश गरेका छन्।

निर्वाचन प्रक्रिया शुरू हुनुअघि वडाहरूमा प्रतिनिधि छनोटबारे केही महीनाअघि विवाद भएको थियो। बहुदरमाई नगरपालिका-४ मा प्रतिनिधि छनोट गर्ने क्रममा विवाद भएपछि निर्वाचन अधिकृतले तत्काल वडाको प्रतिनिधि छनोट स्थगित गरेका थिए। स्थगित गरेको पत्र वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवलाई बुझाएका थिए। तर अन्तिम नामावली प्रकाशनमा विवादित वडाका प्रतिनिधिहरूको नाम आएपछि विवाद शुरू भएको थियो।

समस्या समाधान गरी निर्वाचन गर्न पटकपटक स्थानीयवासीले माग गरे पनि बलजफ्ती आज बडनिहारमा साधारणसभा शुरू भएको थियो। सोही क्रममा वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवले व्यवस्थापन समूहको विरोधमा उच्च अदालतमा पुग्दा निर्वाचन प्रक्रिया रोकिएको हो।

त्यतिमात्र होइन, अदालतको पत्र सोही बेला अधिवेशन भइरहेको ठाउँमा पुगी दर्ता गराउँदा नमानेपछि पुनः विवाद भएको र अन्त्यमा डिभिजन वन कार्यालयले सो पत्र दर्ता गरी निर्वाचन प्रक्रिया रोकेको जानकारी प्राप्त भएको छ।

## मधेस प्रदेश : आर्थिक ...

१० वर्षे गुरुयोजना निर्माण, कृषि प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रीकरण गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धिलगायतका कार्यक्रमको व्यवस्था गरिएको छ।

यसअघि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै अर्थमन्त्री यादवले प्रदेशको कोष मजबूत गर्ने, जनतालाई सेवा दिने, राजस्वको दायरा फराकिलो बनाउने, सबल अर्थतन्त्र र बलियो सरकारका लागि सन्दुक (ढुकुटी) र बन्दुक (प्रहरी प्रशासन) आवश्यक पर्ने भएकाले त्यसका लागि प्रदेश सरकारले सक्दो काम गरिरहेको बताए। उनले बन्दुक अर्थात् प्रहरी प्रशासन प्रदेश मातहतमा ल्याउन आफूहरूको प्रयास जारी रहेको बताए।

**दुई विधेयक प्रस्तुत**

शुक्रवारकै बैठकले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र मधेस प्रदेश सवारी तथा यातायात विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव पनि स्वीकृत गरेको छ।

मुख्यमन्त्री सरोजकुमार यादवले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विचार गरियोस् भनी प्रस्ताव राखेका थिए।

विधेयकमाथि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मुख्यमन्त्री यादवले विधेयक पारित भएपछि कर्मचारीको व्यवस्थापन, सरुवा तथा समन्वयका लागि सहज हुने धारणा राखे। उनले विधेयकमा स्थानीय तहका कर्मचारीलाई प्रदेशभित्र सरुवा तथा कर्मचारीसँग सम्बन्धित अन्य कार्य गर्ने भएकाले छिटो टुङ्गोमा पुग्न सभालाई आग्रह गरे।

त्यसैगरी, भौतिक पूर्वाधार विकासमन्त्री कृष्ण यादवले राखेका मधेस प्रदेश सवारी तथा यातायात विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरे।

त्यस अवसरमा मन्त्री यादवले नियम कानूनको अभावमा जनताले धेरै सास्ती खेप्नु परेकाले साउनदेखि आठै जिल्लामा यातायात कार्यालय स्थापना गरी सवारीचालक अनुमतिपत्र दिइने व्यवस्था गर्न लागिएको जानकारी दिए। उनले प्रदेशसभा सदस्यको राय सुझावसहित समितिमा पठाउने र त्यहाँबाट आवश्यक छलफल, सुधार गरी प्रदेशसभाले छिटो विधेयक पारित गर्ने विश्वास व्यक्त गरे।

सभामुख रामचन्द्र मण्डलले दुवै विधेयकमा भोलि दिउँसो ४ बजेसम्म संशोधन दर्ता गराउन सकिने जानकारी दिए। प्रदेशसभाको अर्को बैठक असार ३१ गते दिउँसो एक बजे बस्नेछ।

## विवाह ...

'नीलकमल'को हो। वैवाहिक समारोहको अत्यन्तै कारुणिक परिदृश्य हो, छोरीको बिदाइ कार्यक्रम। उपरोक्त गीतमार्फत आमाबुबाद्वारा छोरीलाई असीम आशीर्वचनका साथ बिदाइ गरिएको परिदृश्य दर्शाइएको छ। झन्डै साढे पाँच दशकअघिको यस गीतमा छोरीप्रति आमाबुबा तथा घरपरिवारको स्नेह जोडिएको छ। लोक परम्परा, संस्कार र संस्कृतिलाई फिल्म, गीत, आलेख वा विभिन्न माध्यमबाट जीवन्तता प्रदान गर्ने गरिन्छ।

२०८० जेठ १८ गते जेठी छोरीको विवाह गरी जीवनको अति महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गरियो। कन्यादान गरियो। यससँगै असीमित जिम्मेवारीहरूसँग सूक्ष्मताका साथ साक्षात्कार गर्ने अवसर जुऱ्यो। घरपरिवार, आफन्तजन तथा इष्टमित्रहरूको साथ र सहयोगले छोरीको विवाह संस्कार सुव्यवस्थित तरीकाले सम्पन्न भयो। छोरीको दाम्पत्य जीवन सदा सुखमय र खुसमय रहोस्।

## ख्यातिप्राप्त लेखक ...

ख्यातिप्राप्त", "सर्वोत्कृष्ट ख्यातिप्राप्त" तथा "झन् पुरानो" वा "त्योभन्दा पनि पुरानो" आदि नाम दिएर कृतिहरू निकाल्छु। अनि पुरस्कार पाउनबाट कसले रोक्छ। त्यसको लागि अहिलेदेखि नै चढाउनलाई निवेदन र दिनलाई नैवेद्यको अभ्यास गर्छु।"

"निवेदन, नैवेद्य र ख्यातिप्राप्त पुराना लेखक नै पुरस्कारको हकदार हुनुपर्छ।" आवाज उठाउनेहरूको बोलवाला त्यो जमानामा बढ्दै गयो।

अहिले कस्तो छ कुन्नि ?

## गाँजा ...

कमी र फेरि त्यसले स्पर्म फर्मेशन कम गर्छ। यतिमात्र होइन, यसले स्पर्मको बनावटमा पनि फकर पार्छ र भ्रूणको एबोर्सन वा समयअगावै प्रसवको साथै बाङ्गोटिङ्गो अङ्ग भएको शिशु पनि जन्मन सक्छ। यही कुरा यदि महिलाले लिए पनि हुन्छ किनभने गोनाडोट्रोफिन कम भएपछि मादा हार्मोन पनि कम हुन्छ। यसको अतिरिक्त क्रोनिक प्रयोग गरेको मानिस सुस्त मात्रै हुँदैन उसको नैतिक र मानसिक स्थिति पनि कमजोर भएर जान्छ। यसरी विरक्ति, अवसादले ग्रसित भएर ब्रेन ह्यामरेज हुन्छ र डिमेन्सिया र यहाँसम्म कि मानिस पागल पनि हुन सक्छ। जबकि कानाविन्वायडले इन्सिनिटीको मामिला कमै भएपनि मानिस परिवारप्रति सशंकित भई अपराध गर्नमा पनि हिचकिचाउँदैन।

कानाविन्वायडको मृत्युकारक मात्रा : टिएचसीको १०० देखी २०० मिलीग्राम हुन्छ तथा ९० मिलीग्रामपछि विषाक्तता देखिन थाल्छ। मृत्यु बिरलै हुन्छ तर भयो भने १२ घण्टादेखि दुई दिनभन्दा बढी पनि लाग्न सक्छ।

उपचार : पहिलै भनिसकियो कि कानाविन्वायडको कुनै एन्टिडोट हुँदैन। त्यस कारण यसका सकै उपचार लक्षण अनुसार र रिसेसिटेशन गर्नु नै हो यथा: स्लाइन दिनु, लभाज गरी आमाशय खाली गर्नु, लगातार आक्सिजन दिनु, आर्टिफिसियल रेसपिरेशन दिनु तथा अर्को लाक्षणिक उपचार गर्नु आदि नै यसका उपचार हुन्। अस्तु।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | धनक्षति | वृष | भाग्योदय |
| मिथुन | अलमल | कर्कट | धनलाभ |
| सिंह | सफलता | कन्या | अस्वस्थता |
| तुला | रोगभय | वृश्चिक | व्यापारवृद्धि |
| धनु | शत्रुभय | मकर | कार्यनाश |
| कुम्भ | भयचिन्ता | मीन | मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## भानुभक्तको ...

उनी सानैदेखि छिट्टै सिक्ने क्षमताका थिए। अर्थात् कुनै पनि कुरा झट्ट याद भइहाल्ने र नभुल्ने। १२ वर्षको उमेरमा नै उनी जन्मपत्रको तत्त्व बुझ्न सक्ने भइसकेका थिए। गणेश चतुर्थीमा कतिवटा फूल र पातको सङ्ख्या हुन्छ आमा भनी आमालाई सोध्दा आमाले 'आफ्नो काम गर' भनी फर्काइदिइन्। र उनले त्यति नै खेर सम्झनाको लागि २१ वटाको नाम याद गर्न कविता लेख्न शुरू गरे। र त्यो कविता उनले आफ्नो हजुरबुबालाई लगेर देखाए र उनका जिवा ज्यादै खुशी हुँदै स्याबासी दिएका थिए र जिवाले भने, "तैले पक्कै कुलको नाम राख्नेछस् भन्ने मलाई ढुक्क भयो।" जिवाको त्यो शब्दले उनी झन् प्रेरित र उत्साहित भए। त्यसै बेलादेखि उनले फुटकर कविताहरू लेख्न थाले। त्यस बेला नेपाली भाषामा कविता लेख्नु नै एक सामाजिक क्रान्ति थियो। एकपटक एकजना संस्कृतका पण्डितले सोधे- "तिमी को नि ?" उनले भने, "मलाई चिनेर क्या गर्छौ र ? पटकपटक त्यही प्रश्न गरेपछि उनले कवितामैं उत्तर फर्काए।"

"अति वेश देश तनहुँमा श्रीकृष्ण ब्राह्मण थिए।
खुप उच्चा कुल आर्यवंशी हुनगै सत्कर्ममा मन्दिया।
विद्यामा पनि जो धरन्धर भई शिक्षा मलाई दिए।
इनको नाति म भानुभक्त भनी हुँ यो जानी चिह्नी लिया !

यसरी उनी जसको बारेमा पनि कविताको लयमा उत्तर दिन सक्ने भए। अर्थात् कविताको लय नै उनको भाषा हुन थाल्यो। उनको यही विलक्षण प्रतिभालाई मोतीराम भट्टले मुक्तकण्ठले प्रशंसा गरेका छन्। सानै उमेरमा उनले आफ्नो हजुरबुबाबाट दुर्गा कवच, शप्तसती, रुद्री, वेद, ज्योतिष मुहूर्त, मार्तण्ड, अमरकोश, रघुवंश, मध्य-कौमुदी जस्ता शास्त्रको ज्ञान प्राप्त गरिसकेका थिए। पुराण वाचनको कला उनले विभिन्न विद्वान्हरूबाट बनारसमा गएर सिकेका थिए। हजुरबाको प्रभावले शिक्षा प्राप्त गर्न उनलाई सहज भएको थियो।

२२ वर्षको उमेरपछि उनमा कवितालाई नै पेशा बनाउने एक किसिमको आवेग र जोश सिर्जना भयो। कविता लेखेर नै परोपकार गर्ने, परहित गर्ने र समाजलाई रूपान्तरण र शिक्षित बनाउने उनले अठोट नै गरे। घासीसँगको भेटपछि उनले जीवनमा नाम राख्ने काम गर्नुपर्छ भन्ने आठोट लिए। घासीसँगको भेटपछि उनले लेखेको कविता-

भर्जन्म घाँसतिर मन्दीई धन कमायो
नाम क्यै रहोस् पछी भनेर कुवा खनायो
घासी दरिद्र घरको तर बुद्धी कस्तो
मो भानुभक्त धनी भईकन आज यस्तो।१।
मेरो इन्दार नत सत्तलपाटी क्यै छन्
जो धन र चिजहरू छन् घरभित्र नै छन्
तेस घासीले कसरी आज दिएछ अर्ती
धिक्कार हो। मकन बस्नु नराखी कीर्ति।२।

अब भानुभक्तले काव्य रचना गरेर लोकको सेवा गर्ने अठोट गरे। र संस्कृत भाषाको रामायणलाई नेपाली भाषामा लेख्ने निश्चय गरे। र सन् १८४१ तिर रामायण बालकाण्ड लेखेर सके।

जग्गाको झगडाको मुद्दालाई लिएर उनी पहिलोपटक सन् १८४९ मा काठमाडौं आए। त्यस बेला उनले कान्तिपुर र बालाजुको वर्णन गरेर कविता लेखे। कसैगरी उनको दरबारसँग हेलमेल भयो र जङ्गबहादुरका भाइ कृष्णबहादुरसँग उनको राम्रो हिमचिम हुन गयो र सन् १८५० मा उनी जागीरे भए र दुई वर्षका लागि उनी मधेसतिर लागे। पछि उनलाई हिसाबकिताब गडबड गरेको दोषारोपण गरी पाँच महीना कुमारी चोकमा कारावासमा राखियो। त्यही समयलाई उनले सदुपयोग गरी अयोध्याकाण्ड, आरण्यकाण्ड, किष्किन्धाकाण्ड, सुन्दरकाण्ड जस्ता कृतिहरूको रचना गरे। पाँच महीनापछि छोराको व्रतबन्धको समयमा उनी जेलमुक्त भए र एक वर्षपछि फेरि काठमाडौं आएर उनले युद्धकाण्ड र उत्तरकाण्ड लेखी नेपाली रामायणको रचना गरे। नेपाली भाषाको विकासको लागि उनले खेलेको भूमिका अतुलनीय छ।

आजका पीढीले उनीबाट धेरै कुरा सिक्न सक्छन्। तर आधुनिकताको आडम्बरले अहिलेको पुस्तालाई यसरी बेरेको छ कि उनीहरूलाई यस्ता प्रेरणादायी व्यक्तित्वको बारेमा जानकारी राख्नु उनीहरूको प्राथमिकतामा नै पर्दैन।

अन्त्यमा, उनकै कविताबाट यो आलेखलाई विश्राम दिन चाहन्छु-

गजाधर्सोतिका घर बुढी अलिच्छिन्की रहिन्छन्।
नरक जानालाई सबसित बिदाबारी भईछन्।
पुग्यौ साँझमा तिन्का घर पिढीमा बास गरियो।
निकालिन् साँझमा अलिक पर गुलजा गरियो।


## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे



# साउनदेखि नारायणी अस्पतालको सरसफाइ महानगरले गर्ने

प्रस, वीरगंज, २९ असार/

नारायणी अस्पतालको सरसफाइ साउन १ गतेदेखि वीरगंज महानगरपालिकाले गर्ने भएको छ । शुक्रवार वीरगंज महानगरपालिका र नारायणी अस्पतालबीच सरसफाइबारे सम्झौता भएको छ ।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा चितरञ्जन साह र वीरगंज महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

नगरप्रमुख राजेशमान सिंहले नारायणी अस्पतालको सरसफाइको जिम्मेवारी वीरगंज महानगरपालिकाले लिने पूर्वघोषणा गरेअनुरूप आज सम्झौता भएको हो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीलगायतको सहभागिता थियो । सम्झौता अनुसार साउन १ गतेदेखि नारायणी अस्पतालको बाहिरी क्षेत्रको सम्पूर्ण सरसफाइ महानगरपालिकाले गर्ने र सोबापत कुनै शुल्क अस्पतालसँग नलिने उल्लेख छ । एकजना नाइकेको नेतृत्वमा नौजना सरसफाइकर्मी परिचालन गरिने महानगरका सरसफाइ शाखा प्रमुख सर्फुद्दीन मियाँले बताए ।



तस्वीरः प्रतीक

## खेलकूदको संसार

# नेपाल पाकिस्तानसँग पराजित

काठमाडौं, २९ असार/रासस

श्रीलङ्कामा जारी एसिसी पुरुष इमर्जिङ टिम्स एशिया कप क्रिकेट प्रतियोगितामा नेपाल पाकिस्तानको 'ए' टोलीसँग पराजित भएको छ ।

कोलम्बो क्रिकेट क्लबको मैदानमा शुक्रवार भएको खेलमा नेपाल चार विकेटले पराजित भएको हो । नेपालले दिएको १८० रनको लक्ष्य पाकिस्तान 'ए' ले ३२ दशमलव पाँच ओभरमा छ विकेट गुमाउँदै पूरा गर्‍यो ।

पाकिस्तान 'ए'का लागि तैयब ताहिरले सर्वाधिक ५१ रनको योगदान दिए । त्यस्तै, वमिर विन युसुफले ३६ रन बनाए भने कमरान गुलामले ३१ रन बनाए ।

बलिङतर्फ नेपालका ललित राजवंशीले तीन विकेट लिए भने पवन सर्राफले दुई विकेट झारे । त्यस्तै, कुशल मल्लले एक विकेट झारे ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ३७ ओभरमा सबै विकेट गुमाउँदै १७९ रनको योगफल बनायो । नेपालका लागि सोमपाल कामीले १०१ बलमा नौ चौका र दुई छक्काको सहयोगमा ७५ रनको अर्धशतकीय पारी खेले ।

सोमपालले  प्रतीश जिसीसँग मिलेर ७० बलमा ५८ रनको साझेदारी गरे । यस साझेदारीले नेपाललाई लज्जास्पद योगफल बन्नबाट जोगायो । प्रतीशले २४ बलमा एक चौका र दुई छक्काको सहयोगमा २६ रन बनाए ।

१५ दशमलव चार ओभरमा ७२ रनमा आठ विकेट गुमाइसकेको नेपालका लागि सोमपाल र प्रतीशको साझेदारीबाट टोली सम्मानजनक योगफल बनाउन सफल भयो । त्यसैगरी, अर्जुन साउद तथा कुशल मल्लले समान १७/१७ रन बनाए । गुलशन झाले १९ बलमा एक चौकाको सहयोगमा १३ रन बनाए भने ओपनर आसिफ शेखले १२ रन जोडे । त्यसबाहेक अन्य नेपाली ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

पाकिस्तान 'ए'का लागि शाहनबाज दहानी एक्लैले पाँच विकेट लिए भने मोहम्मद वासिम जुनियरले चार विकेट लिए । त्यस्तै, मुबासिर खानले एक विकेट लिए । जीतसँगै पाकिस्तान 'ए'टोली समूह 'बी'को शीर्ष स्थानमा उक्लिएको छ । पराजित नेपाल दोस्रो स्थानमा रहेको छ ।

नेपालले आफ्नो दोस्रो खेल आगामी साउन १ गते भारत 'ए'सँग खेल्नेछ । प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन् । टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए'मा श्रीलङ्का, अफगानिस्तान, बङ्गलादेश र ओमान 'ए'छन् भने समूह 'बी'मा नेपाल, भारत, पाकिस्तान र युएईको 'ए'टोली छन् ।

# एसइई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान

नरेश यादव, पर्सागढी, २९ असार/

पर्सागढी नगरपालिका-९ स्थित



तस्वीरः प्रतीक

नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई सम्मान गरिएको छ ।

२०७९ शैक्षिकसत्रको एसइईमा उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरिनुका साथै पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा उपप्रमुख पूजा चौधरीले विद्यार्थीहरूलाई शुभकामना दिंदै उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिएको बताइन् । उनले देश विकास गर्न शिक्षित व्यक्तिको आवश्यकता हुने गरेको बताइन् ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमलेश खवासको अध्यक्षतामा भएको कार्यक्रममा प्रअ चेतमन दास, वडाध्यक्षहरू राजकपूर खवास, वीरेन्द्र राय, पूर्ववडाध्यक्ष रामनारायण गौरो, वेदमन दास, दुर्गा लामिछाने, अशोक बुर्लाकोटी, बालेश्वर चौधरीलगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत सहायक प्रअ लक्ष्मी ढकाल र सहजीकरण शिक्षक रामविलास साहले गरेका थिए ।

# मधेस प्रदेश : आर्थिक विधेयक २०८० सर्वसम्मतिले स्वीकृत

जनकपुरधाम, २९ असार/रासस

मधेस प्रदेशसभाबाट सरकारले ल्याएको आर्थिक विधेयक सर्वसम्मत स्वीकृत भएको छ । शुक्रवारको प्रदेशसभा बैठकमा अर्थमन्त्री सञ्जयकुमार यादवले आर्थिक विधेयक, २०८० पारित गरियोस् भनी राखेको प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको हो । योसँगै मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको बजेट तथा कार्यक्रम कार्यान्वयनको बाटो खुलेको छ ।

मधेस प्रदेश सरकारले यही असार १ गते आर्थिक २०८०/८१ को बजेट सार्वजनिक गरेको थियो । बजेट प्रस्तुत भएको २८ दिनपछि आर्थिक विधेयक सर्वसम्मतिले स्वीकृत गरिएको हो । अर्थमन्त्री सञ्जय यादवले रु ४६ अर्ब ९२ करोड ११ लाखको बजेट प्रदेशसभामा प्रस्तुत गरेका थिए । बजेटमा चालूतर्फ २० अर्ब ९२ करोड १५ लाख र पूँजीगततर्फ २० अर्ब ९२ करोड १५ लाख बजेट विनियोजन गरिएको थियो ।

प्रस्तुत बजेटमा कृषि, स्वास्थ्य, शिक्षा र सिंचाइलाई प्रमुख प्राथमिकतामा राखिएको छ । जसमा मधेस प्रदेशका किसानलाई किसान परिचयपत्र वितरण गरी विदेश भ्रमणमा लाने, 'हरेक खेतमा पानी, किसानलाई आम्दानी' अभियान अन्तर्गत सिंचाइका लागि निश्शुल्क विद्युत् सेवा उपलब्ध गराउने, 'एक टोल, एक सामूहिक कृषि उत्पादन', 'एक वडा, एक विशेष उत्पादन' र 'एक पालिका, एक उत्पादन क्षेत्र नमूना कार्यक्रम', युवालाई कृषिमा लाग्न प्रोत्साहन, मुख्यमन्त्री किसान उत्थान कार्यक्रम, नमूना कृषिखेती, कृषिमा आत्मनिर्भर हुन

(बाँकी पाँचौं पातामा)

# नवविवाहितामा मधुश्रावणीको रौनक

नितेश कर्ण, वीरगंज, २९ असार/

लोकपर्व मधुश्रावणीको रौनक



तस्वीरः प्रतीक

नवविवाहित महिलाहरूमा देखिएको छ ।

लोकगीत गाउँदै साथीहरूको समूह बनाएर साँझ फूलपात ल्याउने र भोलिपल्ट बिहान भगवान्को पूजा गरिन्छ ।

श्रावण कृष्ण पञ्चमी अर्थात् मौना पञ्चमीको दिनबाट शुरू हुने मधुश्रावणी पर्व १५ दिनसम्म मनाइन्छ तर यस वर्ष मलमास (अधिक मास, पुरुषोत्तम महीना) भएकोले डेढ महीनासम्म हुने बताइएको छ ।

असार २२ गते शुक्रवारदेखि शुरू भएको यो पर्व पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने गरेकामा अहिले यो पर्व साझा हुँदै गएको छ ।

साउन शुक्ल तृतीयाको दिन सम्पन्न हुने यो पर्वमा हास-परिहास र मनोरञ्जनको माध्यम पनि बन्दै गएको छ ।

यो लोकपर्व बेहुलीहरूले विशेषगरी माइतीमा मनाउने गर्छन् । पर्वमा महिला र युवतीहरू सहभागी हुने गर्छन् । पर्वमा माता गौरी, महादेव र नागदेवता (विषहरा)को पूजाको अनुष्ठान गरिन्छ ।

### भानुजयन्तीको अवसर ...

नगरपालिकाको आयोजनामा भएको कार्यक्रममा कविहरूले आआफ्नो रचना वाचन गरेका थिए ।

प्रदेशसभा सदस्य कौशलकिशोर यादवको अध्यक्षतामा भएको कविता प्रतियोगितामा चन्द्रशेखर सिंह प्रथम, सिद्धेश्वरप्रसाद सिंह द्वितीय र सन्तोष कर्णलाई तृतीय पुरस्कार तथा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो ।

नगरप्रमुख नागेन्द्रप्रसाद यादवको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# शिक्षक सङ्गठनको अधिवेशन सम्पन्न

बलिराम शुक्ल, बिरुवागुठी, २९ असार/

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन पर्सागढी नगरसमितिको दोस्रो अधिवेशन



शुक्रवार सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिका वडा नं ३ स्थित जनता माध्यमिक विद्यालयमा पर्सागढी शिक्षक सङ्गठनका अध्यक्ष मोहनप्रसाद चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख गोकर्ण पाठकले पर्सागढीको शिक्षा सुधारमा शिक्षकहरू इमानदारीका साथ लाग्नुपर्ने बताए । पर्सागढीमा शिक्षक दरबन्दीको ठूलो समस्या रहेकामा त्यसको व्यवस्थापन नगरले गरिसकेकोले शिक्षामा अब आमूल परिवर्तन आउनुपर्ने बताए ।

कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य अरबिन्द सिंह, पर्सागढी नपाकी उपप्रमुख पूजा चौधरी, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका जिल्ला अध्यक्ष शिवनाथ चौधरी, नेपाल शिक्षक महासङ्घका सचिव विनोद गिरी, नेपाल राष्ट्रिय शिक्षक महासङ्घ, पर्सागढीका अध्यक्ष रामबहादुर चौधरी, नेकपा एमाले पर्सागढी नगरकमिटीका अध्यक्ष दुर्गा लामिछानेलगायतले मन्तव्य राखेका थिए ।

दोस्रो अधिवेशनको बन्द सत्रले नयाँ कार्यसमिति सर्वसहमतिले चयन गरेको छ ।

नयाँ कार्यसमितिमा अध्यक्ष राजेन्द्रप्रसाद थारू, उपाध्यक्षद्वय लक्ष्मी ढकाल र श्यामसुन्दर दास, सचिव मुक्तिनाथ पाठक, सहसचिव वसुन्धरा अधिकारी, कोषाध्यक्ष विमला तिवारी, सहकोषाध्यक्ष सीताराम र सदस्यहरूमा जगदीश महतो, ऋषि साह कानू, नागेश्वर मुखिया, जयनारायण चौधरी, सरोज गिरी, दीपेन्द्र यादव, सरिता राम, ज्ञानी नगरकोटी, नवलकिशोर दास, रामकृष्ण चौधरीलगायत रहेका छन ।

कार्यक्रममा स्वागत मन्तव्य राजेन्द्रप्रसाद चौधरीले र सहजीकरण सञ्जयप्रसाद पटेलले गरेका थिए ।

### केराबालीको बीमा नगरेपछि...

गरिएपछि बीमा गर्न किसानहरू अग्रसर रहे पनि केराबाली बीमा गर्न बीमा कम्पनीले बेवास्ता गरेपछि आन्दोलन गर्ने तयारी भइरहेको जानकारी दिइएको छ ।

एक महीनाअघि आएको हावाहुरीका कारण निजगढमा लगभग ३५ बिघा केराबालीमा क्षति पुग्दा दुई सयभन्दा बढी किसानलाई रु चार करोडभन्दा बढी नोक्सानी बेहोर्नुपरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

यहाँ बारा, पर्सा, रौतहट, सर्लाही, चितवनलगायतका जिल्लाहरूमा रैथाने मालभोग प्रजातिको व्यावसायिक केरा उत्पादनले भारतलगायत अन्य देशबाट आयात हो केरालाई विस्थापित गराउन राम्रो भूमिका निर्वाह गरेपछि बिचौलियाहरूको साँठगाँठमा केरा बालीको बीमा गर्न बीमा कम्पनी पछि हटेको हुन सक्ने केरा उत्पादक किसानहरूको भनाइ छ ।

प्रतिकट्ठा खर्च कटाएर रु ३० हजारदेखि ५० हजारसम्म यहाँका किसानहरूले व्यावसायिक मालभोग केराबालीबाट आम्दानी लिंदै आइरहेका सङ्घका सदस्य एवं अवकाशप्राप्त वरिष्ठ कृषि प्राविधिक साधुराम खरेलले जानकारी दिए ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

बाढीपहिरोबाट जोगिऔं

जथाभावी सडक निर्माण र वनविनाशले बाढीपहिरो निम्त्याउने हुँदाः

- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं ।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं ।
- आफ्नो बस्ती तथा समुदायको रक्षा गरौं ।
- बाढी तथा पहिरो गएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं ।

बाढीपहिरोबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड